**धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर**

- दम, निमोनिया, ब्रोन्काइटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको सङ्क्रमण भई श्रवणशक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले, धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरूलाई पनि गर्नबाट निरुत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epprateekdaily.com

**जनहितमा जारी सन्देश**

- मौसम परिवर्तन भइरहेको छ। यस परिवर्तनले स्वास्थ्यमा प्रतिकूलता ल्याउँछ । रुघा, खोकीलगायत मौसमजन्य बिमारी हुन सक्छ ।
- कीराफटचाङ्ग्रा, लामखुट्टे जन्मने समय पनि यही हो । घरआँगन, नगर सफा राखौं । सफा ठाउँमा रोग फैलँदैन ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ०८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 24 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३७

## अत्यधिक गर्मीका कारण कक्षाकोठामा छात्राहरू बेहोश

## महानगरका विद्यालय दुई दिनका लागि बन्द



अत्यधिक गर्मीले मूर्छा परेका छात्राहरू । तस्वीरः प्रतीक

प्रस, पोखरिया, ७ असोज/

अत्यधिक गर्मीका कारण पोखरियामा आठजना छात्रा बेहोश भएका छन् । पोखरिया नगरपालिका–४ स्थित जिल्ला उच्चाङ्गल रामदेव कलवार नमूना प्राविधिक विद्यालयमा अध्यनरत आठजना छात्रा गर्मीका कारण बेहोश भएका हुन् ।

अत्यधिक गर्मीका कारण कक्षा ७ मा अध्यनरत सोनु ठाकुर र लालसाकुमारी यादव, कक्षा ९ की नेहा कुमारी, मनीताकुमारी यादव, अन्तिमाकुमारी राम, चन्दाकुमारी ठाकुर, निश्मा कुशवाहा, साजदा खातुन अत्यधिक गर्मीका कारण बेहोश भएका हुन् ।

बेहोश भएपछि छात्राहरूको पोखरिया अस्पतालमा उपचार गरिएको थियो । अहिले छात्राहरूको अवस्था सामान्य रहेको अस्पताल प्रशासनले जनाएको छ ।

केही दिनदेखि अत्यधिक गर्मी बढेपछि पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्नप्रसाद चौहानले नगरभरिका विद्यालयहरूलाई तीन दिन बिहान ६ बजेदेखि विद्यालय सञ्चालन गर्न निर्देशन दिएका छन् । तर जिल्ला उच्चाङ्गल माविमा बिहान ११ बजेदेखि कक्षा सञ्चालन गरिएको कारण अत्यधिक गर्मीले छात्राहरू बेहोश भएका थिए । जिल्ला उच्चाङ्गल मावि बिहान र दिउँसो गरी दुई सिफ्टमा अध्यापन हुँदै आएको छ। नगरप्रमुख चौहानले सो विद्यालयलाई बिहानी सत्रमा सञ्चालन गर्न निर्देशन दिएका छन् ।

यसैबीच, वीरगंज महानगरपालिका कार्यालयले महानगरका सामुदायिक तथा संस्थागत विद्यालयहरू असोज ८ र ९ गते दुई दिन बन्द गर्ने निर्णय गरेको छ। निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले सूचना जारी गर्दै अत्यधिक गर्मीको कारण महानगरका सामुदायिक तथा संस्थागत विद्यालयहरू दुई दिनका लागि बन्द गर्न निर्देशन दिएका छन् । उनले विद्यार्थीहरूलाई आवश्यक गृहकार्य दिई घरमा अध्ययन गर्ने वातावरण सिर्जना गराइ दुई दिन विद्यालय बन्द गर्न आग्रह गरेका हुन् ।

*प्रस, बिरुवागुठी/*

पर्सागढी नगरपालिकाले असोज ८ देखि १६ गतेसम्म नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूको पठनपाठन बिहान गर्ने निर्णय गरेको छ। प्रमुख प्रशासकीय अधिकृत हरिकिशोरप्रसाद चन्द्रवंशीले सोमवार सूचना प्रकाशित गरी अत्यधिक गर्मीका कारण बालबालिकाहरूको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै असोज ८ देखि १६ गतेसम्म बिहान ६ देखि ११:३० बजेसम्म कक्षा सञ्चालन गर्ने निर्णय भए अनुसार सोअनुरूप कार्य गर्न निर्देशन दिएका छन्।

*प्रस, पंचगावाँ/*

पटेर्वासुगौली गाउँपालिका–२ स्थित नेरामावि रङ्गपुरटाँडीमा कक्षा २ मा अध्ययनरत छात्रा सञ्जीला कुमारी बेहोश भएकी छन् । अत्यधिक गर्मीको कारण विद्यालयमा अध्ययन गरिरहेको बेला उनी एक्कासि बेहोश भएकी हुन् ।

गापा कार्यालयले गर्मीको कारण विद्यालयमा विद्यार्थीहरू बेहोश हुने घटना बढेको देखिएपछि असोज ८ गतेदेखि बिहानी कक्षा शुरू गर्न निर्देशन दिएको छ । गापा कार्यालयले सूचना प्रकाशित गरी असोज ८ गते मङ्गलवारदेखि बिहान ६ बजेदेखि कक्षा सञ्चालन गर्न निर्देशन जारी गरेको छ ।

## जिल्लास्तरीय दुई दिने वार्षिक समीक्षा गोष्ठी

## स्वास्थ्य क्षेत्रको गलती क्षम्य हुँदैन -प्रजिअ भुसाल

प्रस, वीरगंज, ७ असोज/

स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा सोमवारदेखि दुई दिने जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठी वीरगंजमा शुरू भएको छ ।

स्वास्थ्य निर्देशनालय मधेस प्रदेशका निर्देशक राजीव झाले दुई दिने समीक्षा गोष्ठीको उद्घाटन गरेका थिए। स्वास्थ्य कार्यालय, पर्साका प्रमुख एवं कार्यक्रमका अध्यक्ष डा मुक्तिनारायण साहले मधेस प्रदेशमैं पर्सा शाखा स्वास्थ्य क्षेत्रमा दुई वर्षदेखि उत्कृष्ट हुँदै आएको बताए । उनले अन्य जिल्लाको तुलनामा स्वास्थ्य क्षेत्रमा पर्सा जिल्ला अग्रणी स्थानमा रहेको बताए ।

उनले दरबन्दी अनुसार कर्मचारीहरूको कमी भएपनि पर्सा शाखाले स्वास्थ्य क्षेत्रका विभिन्न खुडकिलाहरू पूरा गर्दै गएको बताए । उनले एचआइभी, लागूऔषध, खोप, टिभी, मलेरिया, गर्भपतन, कुष्ठरोग, मातृ/नवजात शिशु आदिका सन्दर्भमा पर्सा जिल्लाले आशाप्रदरूपमा काम गर्दै आएको र भविष्यमा पनि यसलाई निरन्तरता दिंदै जाने बताए। उनले पर्सा जिल्लालाई पूर्णखोप जिल्ला घोषणा र जिल्लामा महामारी नियन्त्रण गरिएको बताए। जिल्ला अहिलेसम्म महामारीको कारण कसैको पनि मृत्यु नभएको उनले बताए । उनले पर्सा शाखाको स्वास्थ्य क्षेत्रमा पालिकाहरूको भूमिकाको पनि सराहना गरे ।

रौतहटमा हैजाको महामारी देखिएको तर पर्सा जिल्लामा भने यस प्रकारका महामारी देखा पर्नासाथ तुरुन्त जिम्मेवारी वहन गरिएका कारण नियन्त्रण हुने गरेको बताए । उनले स्वास्थ्य क्षेत्रमा बजेटको अवस्था दयनीय रहेको र सङ्घ तथा प्रदेशले पनि विभिन्न चरणमा कार्यक्रम रोक्न निर्देशन दिने र पछि सोही कार्यक्रम किन भएन भनेर सोधनी गर्ने गरेको बताए। उनले सङ्घमा रहेका कमीकमजोरीलाई प्रदेशले सम्बोधन गर्ने काम पनि नगरेको जिकिर गरे ।

वीरगंज महानगरमा रहेका



तस्वीरः प्रतीक

अस्पताल, पोलिक्लिनिक, क्लिनिकहरू अहिलेसम्म स्वास्थ्य कार्यालयको दायरामा नआएकाले पनि यो क्षेत्रमा आशाप्रदरूपमा काम हुन नसकेको उनले बताए ।

प्रमुख डा साहले पालिकाहरूले स्वास्थ्यको लागि प्रभावकारी काम गर्ने वातावरण बनाउन आन्तरिक स्रोतमा मात्र भर नपरी बाह्य स्रोतमा पनि यसलाई समावेश गर्नुपर्ने सुझाव दिए । उनले पर्सा जिल्लामा ठोरी गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य सेवाको लागि कार्य गरिरहेको तर अन्य पालिकाहरू ठोरी गापाको अनुपातमा पछि परेको बताए ।

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सरकारले शिक्षा, स्वास्थ्य, सरसफाइलाई प्राथमिकतामा राखेर काम गरिरहेको र यसको लक्ष्य र प्रतिफलको दूरीको समीक्षा गरेर आगामी दिनमा योजनाहरू बनाउनुपर्ने बताए । उनले स्वास्थ्य क्षेत्र अति संवेदनशील भएकोले अरू क्षेत्रमा हुने सेवाका गलतीहरू सच्याउन सकिए पनि यो क्षेत्रको गलती क्षम्य नहुने हुँदा सम्बन्धित स्वास्थ्यकर्मी, चिकित्सकहरूले गम्भीरताका साथ काम गर्नुपर्ने सुझाए। पर्सा जिल्लामा सीमान्तकृत र पिछडावर्गहरूलाई पनि स्वास्थ्य सेवा कसरी प्रदान गर्ने विषयमा सरोकारवाला निकाय चिन्तित हुनुपर्ने उनले सुझाव दिए।

प्रजिअ भुसालले पर्सा जिल्लामा लागूऔषधको समस्या विकराल रहेको बताए । उनले लागूऔषधको कुलतमा १६ देखि १८ वर्ष उमेर समूहका युवाहरू धेरै लाग्ने भएकाले उनीहरूलाई सुधारको बाटोमा ल्याउनुपर्ने बताए । विभिन्न संस्थाहरू लागूऔषध क्षेत्रमा कार्य गरिरहे पनि पर्सामा त्यसको सकारात्मक असर पर्न नसकेको उनले बताए ।

शिक्षा, स्वास्थ्यमा परिवर्तनको आवश्यकता भएको भन्दै उनले यी क्षेत्रमा प्रतिफल देखाउने गरी काम गर्नुपर्ने सुझाव दिए । उनले सूचीकृत नभएका औषधिहरूको प्रयोग बढिरहेकामा स्वास्थ्यकर्मी, चिकित्सकहरूले गम्भीरता देखाउनुपर्ने सुझाव दिए। स्वास्थ्य क्षेत्रमा महिला सहभागिताले ठूलो परिवर्तन ल्याउने भन्दै कम्तीमा ४० प्रतिशत सहभागिता जनाएर काम गर्दा देशभर प्रतिफल देखिएकोले सोहीअनुरूप काम गर्न सुझाव दिए ।

समीक्षा गोष्ठीको पहिलो दिनमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी निरीक्षक विजय चौहान, जिसस पर्साका उपसभापति पुरन कुर्मीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालयका अधिकृत जयमोद ठाकुरले गरेका थिए ।

## जीराभवानीमा शास्त्रीय सङ्गीत कक्षाको उद्घाटन

प्रस, पोखरिया, ७ असोज/

जीराभवानी गाउँपालिका कार्यालयले असोज १२ गतेदेखि शास्त्रीय सङ्गीत कक्षा सञ्चालनमा ल्याउने भएको छ। शास्त्रीय सङ्गीत कक्षा सञ्चालनका लागि सोमवार गापाले शास्त्रीय सङ्गीत अध्यापन प्रतिष्ठान गठन गरेर शास्त्रीय सङ्गीत कक्षा सञ्चालनमा ल्याउने प्रयास गरेकोमा उनले बधाई दिए । प्रदेशसभा सदस्य चौधरीले हालको अवस्थामा थारू सरकारबाट हुने सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

शास्त्रीय सङ्गीत अध्यापन प्रतिष्ठानका अध्यक्ष सुरजराय थारूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रेखा चौधरी,




मधेस प्रदेशसभा सदस्य शङ्कर चौधरीले उद्घाटन गरेका छन् ।

उनले वर्तमान अवस्थामा थारू समुदायबाट शास्त्रीय सङ्गीत लोप भइरहेको हुँदा परम्परागत रीतिरिवाजबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले गापाले सञ्चालनमा ल्याएको शास्त्रीय सङ्गीत कक्षा प्रभावकारी हुने बताए । जीराभवानी समुदायका कुनै पनि अभिभावकले आफ्ना बालबालिकालाई शास्त्रीय सङ्गीत सिकाउन तयार नभएको भन्दै यो क्षेत्रमा आफ्ना सन्ततिहरूको सहभागिता गराउन आग्रह गरे ।

थारू समुदायको परम्परागत संस्कृतिलाई जगेर्ना गर्नुपर्ने भन्दै उनले पालिकाले गरेको प्रयासलाई अभिभावकहरूलाई हातेमालो गर्न आग्रह गरे । उनले प्रदेश वडाध्यक्षहरू महादेव महतो थारू, दारासिंह राउत थारू, रामशरण खवास, शिक्षक दिनानाथ महतो, जयप्रकाश महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए।

यस अघि पटेर्वासुगौली गाउँपालिकाले सबैभन्दा पहिले शास्त्रीय सङ्गीत कक्षा सञ्चालनमा ल्याएको थियो। सो पालिकाले प्रतिष्ठान गठन गरेर शास्त्रीय सङ्गीत कक्षा सञ्चालनमा ल्याइसकेको छ ।

## वीरगंज बसपार्कमा वृक्षारोपण



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ७ असोज/

वीरगंज महानगरपालिका, साहिब दरबार सेवा संस्थान र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले संयुक्तरूपमा सोमवार वीरगंज–१६ बसपार्कमा वृक्षारोपण गरेको छ ।

कार्यक्रममा विभिन्न प्रजातिका २५० वटा बिरुवा बसपार्क क्षेत्रमा रोपिएको थियो ।

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा संस्थानका सरकारजी महाराज, नगरप्रमुख राजेशमान सिंह, भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवीसहाय मीणा, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, प्रमुख सेनानी नीराजन कटुवाललगायतले वृक्षारोपण गरेका थिए ।

## अमेरिकाद्वारा नेपाली किसानलाई २१ मिलियन सहयोग

प्रस, वीरगंज, ७ असोज/

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) र नेपाल सरकारले खाद्य सुरक्षा सुधारका लागि २१ मिलियन अमेरिकी डलर बराबरको युएसएआइडी एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ परियोजना, गभर्मेन्ट टु गभर्मेन्टको सोमवार घोषणा गरेको छ।

कार्यक्रममा अमेरिकी सरकारको नयाँ पाँच वर्षीय ग्लोबल फूड सेक्युरिटी स्ट्राटेजी (नेपाल कन्ट्री प्लान २०२४–२०२८)को पनि उद्घाटन गरिएको थियो, जसमा नेपालमा खाद्य र पोषण सुरक्षा सुधार गर्न अमेरिकी सरकारको दृष्टिकोण प्रस्तुत गरिएको छ।

युएसएआइडी एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ परियोजनाले सङ्घीय, प्रदेश र स्थानीय सरकारहरूमार्फत लुम्बिनी र सुदूरपश्चिम प्रदेशहरूमा कृषि विकास

(बाँकी अन्तिम पातामा)

## विचारसार र सुक्तिहरू

सफलताको शीर्षक नहोस् भने सङ्घर्षको कथा कसैले पनि पढ्दैन ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# पालिकाको उदासीनता

गत असार १ गतेदेखि भदौ मसान्तसम्म मुलुकभरका नदीखोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन रोक लागेकामा अहिले असोज १ गतेदेखि खुला भएको छ। सरकारले नदीजन्य पदार्थ उत्खननमा रोक लगाउनुका केही महत्त्वपूर्ण कारणहरू छन् । सो अवधिमा नदी र खोलाहरूमा पानीको प्रवाह बढी हुने हुँदा उत्खनन गर्दा किनारा भत्कने, धार परिवर्तन हुने साथै नदीको सतह कमजोर बन्ने गर्छ। यसले स्थानीय बासिन्दा र नदीसँग सम्बन्धित तथा सो आसपास क्षेत्रका भौतिक संरचनाहरू सुरक्षा जोखिममा पर्न सक्छन् । यसका साथै पर्यावरणीय कारणहरू पनि छन्। उत्खननका कारण नदीको पारिस्थितिक प्रणाली प्रभावित हुँदा माटो र अन्य पदार्थहरू नदीको प्रवाहमा समाहित भएर जलजन्य जीवनलाई नकारात्मक असर पुऱ्याउँछ । त्यसैगरी, भूमिगत पानीको गुणस्तर खस्कन्छ। उत्खननले माटो र अन्य प्रदूषक तत्त्वहरू पानीमा मिसिने हुँदा मुहान या भूमिगत पानीको समेत गुणस्तर खस्कन्छ। मनसुन अर्थात् बर्खाको बेला नदी, खोलाको उत्खननमा रोक लगाउनु भनेको प्राकृतिक प्रणालीलाई बचाउन र पर्यावरणीय सन्तुलन कायम राख्न साथै नदी कटान, बाढी एवं डुबान समस्याबाट हुने क्षति न्यूनीकरणमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हो ।

प्रत्येक वर्ष बाढी र बर्खाका समयमा नदी तथा खोला उत्खनन नियन्त्रण गर्ने चलन पुरानो हो। स्थानीय समुदायको सुझाव, बाढीको मापदण्ड र पर्यावरणीय अध्ययनहरूका आधारमा उत्खनन रोक लगाउने अवधि परिवर्तन हुँदै आएका छन् । हाम्रो मुलुकमा नदीजन्य पदार्थ उत्खनन नियन्त्रण सम्बन्धमा विभिन्न ऐन, कानूनहरू बनेका छन् तर कडाइका साथ कार्यान्वयन भने हुन सकेको छैन । नेपालबाहेक अन्य मुलुकमा पनि बाढी तथा बर्खाको अवधिमा नदीजन्य पदार्थ उत्खननमा रोक लगाउने व्यवस्था गरिएका छन् । छिमेकी मुलुक भारत, चीन, बङ्गलादेशलगायतमा प्रतिबन्धको बेला नदी उत्खनन जघन्य अपराध मानिन्छ । हालको अवस्थामा विशेषगरी जलवायु परिवर्तन र बाढीको जोखिमलाई ध्यानमा राखेर उनीहरूले सो व्यवस्था गरेका हुन् । हाम्रो मुलुकका अधिकांश नागरिकमा चेतनाको कमीले गर्दा यो प्रतिबन्ध लगाउनुपरेको हो भने चेतना भएकाहरू पनि जानाजान अचेत बनिरहेका छन् । यही अवस्थाको फाइदा तस्करहरूले उठाउँदै आएका छन् । तस्करहरूले यो कार्यका लागि भने स्थानीय प्रशासनदेखि सरोकारवालाहरूलाई प्रभावमा पारेर यस्ता कार्य गर्दै आएका देखिन्छ। उनीहरूको यो प्रभावमा स्थानीय बासिन्दाहरू पनि पर्ने गरेका छन । नदीखोलाबाट प्रतिबन्धित अवधिमा नदीजन्य पदार्थ ठूलो परिमाणमा उत्खनन भएका थिए ।

अहिले असोज १ गतेदेखि नदीजन्य पदार्थको उत्खनन खुला गरिएको छ । तर पालिकाहरूले भने अहिलेसम्म आफ्नो मातहतका खोलाहरूको नदीजन्य पदार्थको उत्खनन खुला गर्न सकेका छैनन्। यसका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन आवश्यक हुन्छ। प्रतिवेदन तयार भएका पालिकाहरूले ठेक्काबाट नदीजन्य पदार्थको उत्खनन गराउँदै आएका छन्। पर्सा जिल्लामा केही पालिकाहरूमा उत्खननको विषयमा आपसी विवाद छ भने विवादरहित पालिकाहरूले पनि ठेक्का लगाउन सकेका छैनन् । उत्खननमा रोक लागेको बखतदेखि अहिले ठेक्का नलागदासम्मको अवधिमा नदीजन्य पदार्थको उत्खनन रोकिएको छैन। यसो हुँदा पालिकाहरूको आन्तरिक आयमा नराम्रो प्रभाव परिरहेको छ । यस अर्थमा पनि आन्तरिक स्रोत वृद्धि हुने नदीजन्य पदार्थको उचित व्यवस्थापनतर्फ समयमा ध्यान दिन आवश्यक छ ।

# श्राद्ध गर्ने प्रथा र यसको उत्पत्तिको नालीबेली

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**छोरी नभएको घर बास्नाविनाको फूल, तेजविनाको सूर्यको किरण, फलविनाको वृक्ष, छायाविनाको दर्पण, पानीविनाको खोला, मिठासविनाको रस, क्षितिजविनाको आकाश, पुरुषत्व (इज्जत, अस्तित्व, मनुष्यत्व आदि)विनाको लोग्नेमान्छे समान हुन्छ ।**

१६ श्राद्धलाई पितृपक्ष वा महलया पनि भनिन्छ। हिन्दू पात्रोमा यसको अवधि १६ दिनको हुन्छ । यस समयमा मानिसहरूले आफ्ना पुर्खा वा पितृलाई श्रद्धाञ्जलि अर्पण गर्छन् । हिन्दू पौराणिक कथा अनुसार पितृलोक भनिने स्वर्ग र पृथ्वी बीच तीन अघिल्ला पुस्ताका आत्माहरूको वास छ । यस क्षेत्रलाई मृत्युका देवता यमले रेखदेख गर्छन्, जसले मृतक मानिसको आत्मालाई पृथ्वीबाट पितृलोकमा लैजान्छ । यो समयमा पुजारीलाई चढाइने प्रसाद पितृलोकमा तीन पुस्तासम्म पुग्ने जनविश्वास छ ।

प्रायः विश्वास गरिन्छ कि जब चौथो पुस्ताको व्यक्तिको मृत्यु हुन्छ, पहिलो पुस्ता स्वर्गमा सर्छ र भगवानसँग एकाकार हुन्छ । यसरी, पितृलोकमा केवल तीन पुस्तालाई सोऱ्हश्राद्ध संस्कार दिइन्छ ।

यससम्बन्धी विभिन्न कथाहरू छन्–

महाभारतमा कर्णको मृत्युपछि उनको आत्मा स्वर्गमा पुग्यो उनलाई खानाका लागि सुन र रत्नहरू प्रदान गरियो । कर्ण छक्क परे, उनलाई किन वास्तविक भोजन प्रदान गरिएन । उनले स्वर्गका स्वामी इन्द्रलाई खानाको सट्टा सुन किन दिइयो भनेर सोधे । इन्द्रले भने उनले जीवनभर सुन त दान गरे तर पुर्खाको नाममा कहिल्यै अन्नदान गरेनन् ।

यस्तो व्यवस्थाबाट अनभिज्ञ कर्णले आफूलाई परिमार्जन गर्न चाहेको कुरा बताए । इन्द्रलाई कुरा उचित लाग्यो र कर्णलाई १६–दिनको लागि पृथ्वीमा फर्कने अनुमति दिए । ती सोऱ्ह दिनमा उनले भक्तिपूर्वक पितृहरूको श्राद्ध गरे र अन्नजल दान गरे। यसै कुरालाई ध्यानमा राखेर सोऱ्ह श्राद्धको शुरूआत भयो र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आयो । साधारणतया जेठो छोराले पूजा गर्छ भने अरू छोराहरू पनि सहभागी हुन्छन् ।

विष्णु भगवान्ले पृथ्वीको रक्षार्थ बराह अवतार लिनुपरेको थियो। महाबली दैंत्य हिरणाक्षको बध गरी पृथ्वीलाई हिरणाक्षबाट खोसेर ल्याएपछि उनको बराहरूपी शरीरमा तिल, कुश, जौ र दूध उत्पन्न भयो । उनले दूध र जौको तीनओटा पिण्ड बनाई कुश भुईंमा ओछ्याएर पिण्डमा तिल छर्केर दक्षिणतिर फर्की यसो भन्दै दान गरेछन्– “हे पिता ! हे पितामह !! हे प्रपितामह !!! यी तीन पिण्ड मैले तपाईंहरूलाई प्रत्येकले एक–एक पाउनेगरी अर्पण गरेको छु । कृपया स्वीकार गरी तृप्त हुनुहोस् ।”

ऋषिहरूलाई बराह अवताररूपी विष्णु भगवान्ले भने–“हे मुनिवरहरू ! नाम जानेका पितृहरूको नामोच्चारण र नाम नजानेकाहरूका लागि अमुक नाम भनेर पिण्डदान गरेपछि तपाईंहरू सबैका पितृहरू पिण्ड पाएर तृप्त हुनेछन्। पितृहरू स्वर्ग या नर्क जहाँ रहे पनि, यस रितले दिएपछि अवश्यमेव पाउनेछन् ।”

त्यसपछि पञ्चमहाभूत (जल, स्थल, वायु, आकाश, तेज) को यस धरतीमा चराचर सृष्टि हुन थाल्यो । मानिसको देहबाट प्राण जाँदैमा अरू सबै नष्ट नहुने तथ्यको बोध हुँदै गयो। यी पञ्चभूतको साझा देहमा रहेको आत्मा त्यो हो, जो सारको रूपमा रहेको हुन्छ। जुन अकाट्य छ, अजय छ, अमर छ। यो ज्यादै सूक्ष्म हुन्छ, जसलाई भौतिक आँखाले देख्न सकिंदैन । तर, यसको आकार भने पूर्वशरीरजस्तै हुन्छ। फूलको बास्नालाई जसरी हावाले एक ठाउँबाट अर्को ठाउँमा लैजान्छ, सूर्यको किरण जसरी आफ्नो तेजका साथ टाढा–टाढासम्म जान्छ, त्यसैगरी मानव शरीरबाट प्राणवायु छुटेपछि, आत्मा पनि नयाँ शरीर प्राप्तिका निम्ति विचरण गर्न थाल्छ। यस आत्माको कुनै निश्चित दिशा हुँदैन ।

मानिसको मृत्यु भएको तेऱ्हौं दिन–मासिका श्राद्धसम्म, ६ महीना र एक वर्ष भएपछि गरिने पुण्यवत पितृकार्यमा सबैपटक दिएको पिण्डदानका प्रभावले प्रेतात्माले पितृको आत्मा प्राप्तगरी ईश्वरमा गएर लीन हुन्छ भनिएको छ। यसरी हामीले आफ्ना पितृलाई दिएको पिण्डदान साक्षात् ईश्वरलाई दिएको ठहर्न जान्छ । जसरी सूर्यको तेजले सागरको जलमाथि खैंचिन्छ र पछि त्यही जल वर्षाको रूपमा पृथ्वीमा झर्छ, त्यसैगरी पितृहरूको आत्माले उनीहरूको सन्ततिले दिएको पिण्डदानको बास्ना, भाव आफूतिर खैंचेर लिन्छन् ।

हिन्दू धर्म, संस्कृति र परम्परा अनुसार भनिएको छ–“छोरो त्यही हो जसले आफ्ना पितृलाई पिण्डदान गरेर तृप्त पार्छ र आफू पनि निर्धक्क भएर आनन्दपूर्वक रहन सक्छ।” यसै प्रसङ्गमा शास्त्रमा भनिएको छ–

**आयु प्रजां धनं विद्या स्वर्गमोक्ष्यं सुखानि चः । प्रयचक्ष्यन्ति तथा राज्यं पितरं श्राद्धतर्पिताः ॥**

पितृहरूप्रति श्रद्धाभावले गरिने श्राद्ध, तर्पण आदिले यस जुनीमा आयु, ऐश्वर्य, विद्या, राज्यको सुखभोग गरी अर्को जुनीमा स्वर्ग प्राप्त गराई मोक्ष दिलाउँछ। तर आत्मीय श्रद्धाविना गरिएको श्राद्ध कर्मले पितृहरूलाई तृप्ति दिलाउन सक्दैन भनेर गरुडपुराणमा बताइएको छ । त्यसैले एकोदिष्टश्राद्ध, सोह्रश्राद्ध, तर्पण आदि गर्दा स्वच्छ र प्रसन्न मुद्राले, पितृहरूप्रति असीम श्रद्धाभाव राखेर गर्नु–गराउनु नितान्त आवश्यक छ। मनसा, वाचा, कर्मणा सम्पन्न गरिने श्राद्ध–तर्पण नै भुक्ति–मुक्तिको मूल मार्ग हो भनेर हिन्दू धर्मशास्त्रहरूमा वर्णन गरिएको छ।

हिन्दू पञ्चाङ्ग अनुसार यस वर्ष विसं २०८१ सालको श्रावण महीनामा मलमास पर्न गएकोले सोह्र श्राद्ध आश्विन महीनाको २ गतेदेखि आश्विन १६ गतेसम्म रहेको छ । माता–पिता नहुनेहरूले पितृपक्षको पहिलो दिन मुण्डन गरेर विधिपूर्वक एकछाके गर्ने र प्रतिपदादेखि औंसी तिथिसम्म एकछाक सात्त्विक भोजन गर्ने हिन्दू परम्परा छ ।

हिन्दू धर्म, संस्कृति र परम्परा पितृसत्तात्मक छ । हिन्दू समाजमा परापूर्वकालदेखि नै छोरीलाई त्रिगुणधारी (छोरी, बुहारी र आमा) को रूपमा लिइन्छ। छोरा र छोरीका कार्य विभाजन पहिलेदेखि नै निश्चित गरिएको छ। छोरी जन्मेपछि माइत हुन्जेल कन्या, विवाह भएपछि बुहारी र बच्चा–बच्ची जन्माएपछि आमा बन्ने अवस्था हुन्छ । विवाहपश्चात् छोरी परघर जानुपर्छ । विवाह भएपछि छोरी जातिको जन्मघरतिरको थर, गोत्र परिवर्तन भएर कर्मघरतिरको थर, गोत्र कायम हुन्छ । वंश परम्परा पनि कर्मघरतिरबाटै जन्म–जन्मान्तरसम्म कायम हुँदै जान्छ। शायद यसो भएर पनि होला, पूर्वीय दर्शन र हिन्दू धर्मका सम्पूर्ण धर्मग्रन्थहरूमा छोरा र छोरीबाट सम्पादन हुने कार्यहरू फरक–फरक गरेर तोकिएको पाइन्छ ।

छोराको लागि उपनयन (व्रतबन्ध) कर्म विधिपूर्वक गरेर उसका गलामा जनै (यज्ञोपवित) धारण गराइन्छ । त्यसपछि मात्र छोरो कर्मकाण्ड अन्तर्गतका सबै कार्यहरू (विवाह, व्रतबन्ध, यज्ञादि, दान–पुण्य, मृत्युपछि गरिने किरिया, पिण्डदान आदि) सम्पादन गर्नका निम्ति योग्य हुन जान्छ ।

कर्मकाण्डीय हिसाबले छोरो अग्रपङ्क्तिमा देखिन्छ । तर, मान्यताक्रमले हेर्ने हो भने छोरी जातिलाई साक्षात् लक्ष्मीको प्रारूप मानिन्छ । छोरी नभएको घर बास्नाविनाको फूल, तेजविनाको सूर्यको किरण, फलविनाको वृक्ष, छायाविनाको दर्पण, पानीविनाको खोला, मिठासविनाको रस, क्षितिजविनाको आकाश, पुरुषत्व (इज्जत, अस्तित्व, मनुष्यत्व आदि)विनाको लोग्नेमान्छे समान हुन्छ ।

हिन्दूशास्त्रमा भनिएको छ–“जहाँ नारी जातिको सम्मान हुन्छ, त्यहाँ देवता पनि रमाउँछन्।” त्यसैले सन्तानका रूपमा हरेक हिन्दूको घरमा छोरो र छोरी दुवै हुनु नितान्त आवश्यक ठानिएको छ ।

आजकल हिन्दू समाजमा कतिपय ठाउँमा माता–पिताको मृत्यु भयो भने काज–किरियादि कर्म छोरीले गर्ने गरेको पनि पाइएको छ। मृत्युपछि हरेक माता–पिताका नाममा काज–किरिया, पिण्डदानजस्ता महत्त्वपूर्ण कर्म सम्पादन गरिनु स्वागतयोग्य काम हो । जे होस् मातृदेवो भवः, पितृदेवो भवः भन्ने हाम्रो हिन्दू परम्परा अनुसार प्राचीन समयदेखि गर्दै आएका एकोदिष्ट श्राद्ध (मरेको दिनको तिथिमा दिइने पिण्डदान) र सोह्रश्राद्ध (आश्विन कृष्ण पितृपक्षमा दिइने पिण्डदान) गरी वर्षको दुईपटक श्राद्ध गर्ने हिन्दू परम्परा छ । हुनत विभिन्न तीर्थस्थलहरूमा गएर पितृहरूका नाममा पिण्डदान दिने पनि गरिन्छ, यसरी दिइने पिण्डदान गणनामा ल्याइँदैन ।

देवशक्तिभन्दा पितृशक्ति प्रबल हुन्छ भन्ने शास्त्रीय मान्यता छ । भनिन्छ–देवताले दिएको वरदान पितृहरूले हरण गर्न सक्छन्। अतः व्रत, उपासना गरेर देवताहरूलाई मात्र खुशी पारेर हुँदैन, श्राद्ध, तर्पणादि गरेर पितृहरूलाई पनि खुशी पार्न नितान्त आवश्यक छ ।

# पहिला संविधान कार्यान्वयनमा जोड गर्नुपर्छ –अध्यक्ष दाहाल

काठमाडौं, ७ असोज/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाली काङ्ग्रेस र नेकपा (एमाले)ले संविधान संशोधनलाई एजेन्डाको रूपमा नभई सरकार परिवर्तनको बहानाको रूपमा उठाएकाले यसप्रति उनीहरू गम्भीर नभएको आरोप लगाएका छन् ।

संविधान निगरानी समूह र इन्स्टिच्युट फर स्ट्राटेजिक एन्ड सोसियो–इकोनोमिक रिसर्च (आइएसएसआर)को संयुक्त आयोजनामा सोमवार भएको ‘संविधान कार्यान्वयन : अपेक्षा र वास्तविकता’ विषयक अन्तर्क्रियामा उनले जनताको अधिकार सम्बोधन गर्नेगरी संविधान संशोधन हुनुपर्ने बताए ।

“नयाँ गठबन्धन बनाउनुभन्दा दुई/चार दिन अघिसम्म उहाँहरूले औपचारिकरूपमा कतै संविधान संशोधनको आवश्यकतामाथि छलफल गर्नुभएको थिएन,” अध्यक्ष प्रचण्डले भने, “त्यसैले यो उहाँहरूको एजेन्डा होइन, कथा र बहाना मात्रै हो। सरकार परिवर्तनको हतियार मात्रै बनाइएको हो भन्ने प्रस्ट छ ।”

वर्तमान संविधान शान्ति सम्झौताको अङ्ग भएकाले शान्ति सम्झौताको हस्ताक्षरकर्ता दल र नेतासँग नै लुकाएर संविधान संशोधनको सहमति गर्नुको कुनै राजनीतिक अर्थ नभएको पनि उनले स्पष्ट गरे । उनले भने, “काङ्ग्रेस एमालेका नेताले आफ्नै पार्टीसँग पनि लुकाएर सम्झौता गर्नुभयो, जनतालाई पनि लुकाएर राखियो तर जनताले सम्झौता देखाउन चुनौती दिन थालेपछि प्रधानमन्त्रीले संसद्मा पढेर त सुनाउनुभयो तर त्यो पनि सक्कली हो कि नक्कली, अझै हस्ताक्षर देखिएको छैन ।” कथा र बहाना नभई एजेन्डाका हिसाबले अघि सार्ने हो भने संविधान संशोधन आवश्यक रहेको तर त्योभन्दा अघि कार्यान्वयनमा जोड दिनुपर्ने उनको कथन छ ।

“सबैभन्दा पहिले कार्यान्वयन गर्नेतिर जोड दिनुपर्छ र कार्यान्वयनमा समस्या आए, कुन कुन विषयमा फेर्नुपर्ने हो, त्यसको निक्योंल गरेर मात्रै संविधानको समीक्षा गर्न सकिन्छ,” अध्यक्ष प्रचण्डले भने, “तर संविधान जसरी पनि कार्यान्वयन गर्नेतिर होइन, कमजोर बनाउनेतिर राजनीतिक नेतृत्वको माइन्डसेट बनेको छ। संविधान बनाउँदा माओवादी एजेन्डा स्वीकार गरिदिएको रूपमा लिएका नेताहरूले अहिले कार्यान्वयनमा पनि इमानदारिता देखाएका छैनन् । कार्यान्वयन नगर्ने तर संशोधन मात्रै भनेर औचित्यपूर्ण हुँदैन ।”

संविधान र सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानून बनाउन ठूला दलको सहयोग नपाएको स्मरण गराउँदै उनले सङ्घीय निजामती ऐन संसद्सम्म पुऱ्याउन १८ महीना लागेको, बल्लबल्ल पुऱ्याउँदा पनि त्यसलाई पारित गर्न तत्परता नदेखाएको र प्रहरी समायोजन ऐन बन्दा पनि कार्यान्वयनमा लैजान आनाकानी गरिरहेको बताए ।

अहिलेको भन्दा अन्तरिम संविधान बढी प्रगतिशील रहेको टिप्पणी गर्दै अध्यक्ष प्रचण्डले भने, “अन्तरिम संविधान माओवादीको रापतापमा बनेको थियो । माओवादीलाई कमजोर नबनाइ संविधान बनाउँदा अन्तरिम संविधानभन्दा प्रगतिशील बन्ने डरले पहिलो संविधानसभा तुहाइयो ।”

दोस्रो संविधासनभाबाट पनि नबन्ने अवस्था रहेकोमा भूकम्पका कारण मुलुकमा सङ्कट सिर्जना भएपछि भूकम्पको पुनर्निर्माण र जनतालाई राहत दिने अनि संविधान निर्माणमा विपक्षी नभई आफूले सत्तापक्षकै जस्तो भूमिकामा निर्माण गरेको स्मरण पनि उनले गराए ।

संविधान निर्माण गर्दा आन्तरिक र बाह्य दुवै हिसाबले आफूले जोखिम मोलेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले भने, “हाम्रै एकथरी साथीहरू अब क्रान्तिकारी संविधान नबन्ने भयो भनेर पार्टी विभाजन गरेर निस्कनुभयो । तर मैले शान्ति सम्झौताको हस्ताक्षरकर्ताको हैसियतले त्यसरी भाग्न मिल्दैन्थ्यो। ठूलो जोखिम मोलेर भएपनि शान्ति प्रक्रिया र संविधान निर्माणलाई टुङ्गोमा पुऱ्याएरै छाडे ।”

शान्ति प्रक्रियाको एउटा विशिष्ट अङ्गका रूपमा रहेको संविधान संशोधनको बहस गर्दा शान्ति प्रक्रियाको एउटा पक्षसँग सरोकार नराखिएकाले संविधान संशोधनको चर्चामा गम्भीरता नदेखिएको उनले दोहोऱ्याए । संविधान संशोधनमा जानुपर्ने अवस्था आयो भने विभिन्न समुदायले पाएको समानुपातिक समावेशी अधिकार नखोस्ने गरी राजनीतिक स्थायित्व र भ्रष्टाचार अन्त्यका लागि शासकीय स्वरूप र निर्वाचन प्रणाली परिवर्तन गर्नेतिर जोड गर्नुपर्ने आफ्नो पार्टीको धारणा रहेको उनले स्पष्ट गरे ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# नेपाली इन्जिनीयरलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाको ढोका खुल्यो

काठमाडौं, ७ असोज/रासस

नेपाली इन्जिनीयरको योग्यतालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाको ढोका खुलेको छ । यसका लागि नेपाल इन्जिनीयरिङ काउन्सिलले प्रक्रिया अघि बढाएको हो ।

इन्जिनीयरहरूको अन्तर्राष्ट्रिय मान्यता प्रदान गर्ने निकाय वासिशङ्टन एकडका अध्यक्ष काई साङ् लकसँग सोमवार प्रारम्भिक अन्तर्क्रिया भएको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको प्रमुख आतिथ्यमा भएको उक्त छलफलमा विभिन्न विश्वविद्यालयका पदाधिकारीले यो प्रक्रियालाई अघि बढाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा मन्त्री दाहालले नेपाली इन्जिनीयरहरूको योग्यतालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाका लागि आवश्यक नीतिगत तथा कानूनी प्रक्रियाका लागि मन्त्रालय तयार रहेको बताए। “यो प्रक्रिया अघि बढाउन ढिला भएको छ,” उनले भने, “तर ढिलै भएपनि प्रक्रियाको थालनी भयो, सबै मिलेर यसलाई अवरुद्ध हुन नदिई पूरा गर्नुपर्छ ।”

कार्यक्रममा वाशिङ्टन एकडका अध्यक्ष काई साङ् लकले नेपालले थालेको प्रक्रिया पूरा हुनेमा विश्वास व्यक्त गरे। उनले इन्जिनीयरिङ क्षेत्रमा अन्वेषण, अनुसन्धान तथा नवप्रवर्तनमा जोड दिनुपर्ने बताए ।




त्रिभुवन विश्वविद्यालय इन्जिनीयरिङ अध्ययन संस्थानका प्राडा नरेन्द्रमान शाक्यले नेपालमा इन्जिनीयरिङ शिक्षा तथा पेशागत अवस्थाका बारेमा आफ्नो प्रस्तुति राखेका थिए । उक्त एकडमा आबद्ध राष्ट्रहरूका इन्जिनीयरहरूले सदस्य राष्ट्रमा समान हैसियत पाउने भएकाले यसबाट नेपाली इन्जिनीयरलाई अन्तर्राष्ट्रियस्तरमा सम्मानजनक अवसर प्राप्त हुने सो अवसरमा जानकारी दिइयो।

काउन्सिलका अध्यक्ष पदमबहादुर शाहीले नेपालका शैक्षिक संस्थाबाट उच्च शिक्षा लिए पनि अन्तर्राष्ट्रिय सम्बन्धन र स्वीकृति नपाइरहेको अवस्थामा यो प्रक्रियाको थालनी गरिएको बताए। यो प्रक्रिया पूरा हुन चारदेखि १० वर्षसम्म लाग्ने भएपनि प्रक्रियाको थालनीले नेपाली इन्जिनीयरिङ क्षेत्रलाई आशावादी बनाएको उनले उल्लेख गरे। यो प्रक्रियाको थालनीले नेपाली इन्जिनीयरलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाको ढोका खुलेको अध्यक्ष शाहीको भनाइ छ।

# दुई वर्षपछि ‘डब्लुटिएम’मा सहभागी हुँदै पर्यटन बोर्ड

काठमाडौं, ७ असोज/रासस

नेपाल पर्यटन बोर्ड दुई वर्षपछि ‘वर्ल्ड ट्राभल मार्केट (डब्लुटिएम)’मा सहभागी हुने भएको छ । आगामी कात्तिक २० देखि २२ गतेसम्म बेलायतको लन्डनमा आयोजना हुने मेलामा सहभागिता जनाउने सुनिश्चित भएको बोर्डले जनाएको छ ।

पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण मञ्चका रूपमा लिइने यस मेलाबाट नेपालका आकर्षक पर्यटकीय गन्तव्यबारे बुझ्न तथा नयाँ सूचना प्राप्त गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले जिम्मेवारी सम्हालेसँगै डब्लुटिएम, आइटिबीलगायत महत्त्वपूर्ण पर्यटन मेलामा बोर्डको सहभागिता सुनिश्चित गर्न पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरेका थिए। सोही प्रतिबद्धता अनुसार अन्तर्राष्ट्रिय बजारीकरण नेपालको पर्यटन प्रवर्द्धनका लागि डब्लुटिएममा सहभागिता जनाउने निर्णय भएको जोशीले बताए। “बोर्डले डब्लुटिएममा सहभागिता जनाएर अन्तर्राष्ट्रियस्तरमा नेपालको पर्यटन प्रवर्द्धनका लागि ढोका खुलेको छ । अन्तर्राष्ट्रिय मेला, सेल्स मिसनलगायत अन्तर्राष्ट्रिय फोरममा बोर्डको प्रभावकारी उपस्थिति रहन्छ,” कार्यकारी प्रमुख जोशीले भने ।

अघिल्ला दुई वर्ष बोर्डले डब्लुटिएम, आइटिबीजस्ता अन्तर्राष्ट्रिय मेलामा सहभागिता जनाउन सकेको थिएन । नेपालको पर्यटन प्रवर्द्धनका निम्ति बोर्ड स्थापना भएदेखि निरन्तररूपमा अन्तर्राष्ट्रिय पर्यटन मेलामा सहभागी हुँदै आएको छ । हरेक वर्ष नोभेम्बर (कात्तिक)मा आयोजना हुने यो मेलालाई विश्वको दोस्रो ठूलो पर्यटन मेला मानिन्छ। यस्तै, प्रत्येक वर्ष मार्च (फागुन) मा जर्मनीको बर्लिनमा आयोजना हुने ‘इन्टरनेशनल ट्राभल टुरिजम बर्लिन आइटिबी’ मेलालाई विश्वकै पहिलो पर्यटन मेला मानिन्छ ।

बोर्डले आइतवार सूचना प्रकाशित गरी इच्छुक कम्पनीलाई डब्लुटिएममा सहभागिताका लागि अनुरोध गरेको छ। कम्तीमा ३० कम्पनीलाई त्यहाँ सहभागी गराइने बोर्डको योजना छ ।

नेपालले विगत ४० वर्षदेखि डब्लुटिएममा सहभागिता जनाउँदै आएको छ। २५ वर्ष अघि बोर्ड स्थापना भएकोमा त्यस अघि पर्यटन विभागमार्फत नेपालले यस्ता मेलामा सहभागिता जनाउने गरेको थियो । मेलाबाट व्यावसायिक सम्भावनाका नयाँ आयामबारे सम्पर्क विस्तार गर्ने अवसर मिल्ने दाबी गरिएको छ ।

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ मा बोर्डको प्रमुख काममा अन्तर्राष्ट्रियजगत्मा नेपालको पर्यटन प्रवर्द्धन गर्ने उल्लेख छ। “अन्तर्राष्ट्रियजगत्मा नेपाललाई एक आकर्षक पर्यटनस्थलका रूपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धन गर्नका लागि नेपाल पर्यटन बोर्ड स्थापना गरिएको हो,” ऐनमा भनिएको छ ।

सार्वजनिक–निजी साझेदारी मोडलमा स्थापित बोर्डको करीब रु दुई अर्ब वार्षिक बजेटमध्ये झन्डै ७० प्रतिशत बजेट अन्तर्राष्ट्रिय बजारीकरणमा खर्च गर्नुपर्ने हुन्छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा कुनै पनि अन्तर्राष्ट्रिय कार्यक्रम तथा मेला महोत्सवमा नेपालले भाग लिएन। बोर्डको विदेशमा कार्यक्रम सञ्चालन तथा खरीदसम्बन्धी कार्यविधि २०७८ पारित नहुँदा अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता जनाउन नसकिएको बोर्डले जनाएको थियो। डब्लुटिएममा नेपालको पहिचान र पर्यटन प्रवर्द्धनका लागि विभिन्न सामग्रीका स्टल राखिने जनाइएको छ।



**गङ्गासागर पोखरीमा भक्तजनः** जितिया पर्वका अवसरमा सोमवार जनकपुरधामको गङ्गासागर पोखरीमा पूजाअर्चना तथा स्नान गर्दै भक्तजनहरू । तस्बिरः निरञ्जनकुमार साह/रासस



**राष्ट्रिय परिचयपत्र लिनेको भीडः** कास्की जिल्लाको रूपा गाउँपालिका–६ स्थित वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र लिने स्थानीयको भीड । तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# हरित अर्थतन्त्रका आधार तयार पार्नुपर्नेमा जोड

काठमाडौं, ७ असोज/रासस

मुलुकको दिगो विकासका लागि हरित अर्थतन्त्र निर्माण गर्न त्यसका आधार तयार पारिनुपर्ने धारणा जानकारहरूले राखेका छन् ।

सोमवार आयोजित ‘एशियन क्रेडिट सप्लिमेन्टेशन इन्स्टिच्युशन कन्फेडेरेशन’ (एसिक्स)को ३६औं सम्मेलनको अन्तिम सत्रका सहभागी वक्ताहरूले हरित अर्थतन्त्रको आधार निर्माण गरिनुपर्ने आवश्यकता औंल्याएका हुन् ।

हरित वित्त (ग्रीन फाइनान्स), समिश्रित वित्त (ब्लेन्डेड फाइनान्स), सार्वजनिक–निजी साझेदारी (पिपिपी) लगायतका विभिन्न अवधारणामार्फत दिगो र हरित अर्थतन्त्र निर्माण गर्न सकिने सुझाव जानकारबाट आएको हो । सम्मेलनका क्रममा ‘प्रकृतिका लागि लगानी’ शीर्षकको अन्तिम सत्रका वक्ताहरूले नेपालको नीति निर्माण तहमा समेत हरित अर्थतन्त्रको अवधारणा नयाँ रहेको र बिस्तारै कार्यान्वयन हुने क्रममा रहेको र यसलाई थप परिस्कृत तथा व्यवस्थित तुल्याउन अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासलाई अवलम्बन गरिनुपर्ने धारणा राखेका हुन् ।

उक्त सम्मेलनमा कृषि विकास बैंकका नायब महाप्रबन्धक बाबुकाजी थापाले नेपालको बैंकिङ क्षेत्रका लागि पनि हरित वित्तको अवधारणा नयाँ रहेको र बैंक तथा वित्तीय संस्थाले यसको महत्त्व तथा आवश्यकता पहिचान गर्न नसकेको बताए ।

“केन्द्रीय बैंकले केही कृषि, ऊर्जालगायत क्षेत्रमा क्षेत्रगत कर्जासम्बन्धी व्यवस्था गरे पनि हरित वित्तको अवधारणा हाम्रोलागि नयाँ हो । यो किन आवश्यक छ भन्ने कुरामा पनि हामी अझै स्पष्ट भइसकेका छैनौं,” उनले भने। कृषि र प्राकृतिक स्रोतमा आधारित व्यवसाय गर्नका लागि बैंक तथा वित्तीय संस्थाले धितोको माग गर्ने र साना किसानका लागि धितोको समस्या हुने भएकाले उनीहरूलाई त्यसमा सहजीकरण गरिनुपर्ने महाप्रबन्धक थापाको भनाइ थियो ।

बिजनेश अक्सिजन प्रालिका प्रमुख कार्यकारी अधिकृत सिद्धान्त पाण्डेले नेपालले न्यून सम्भाव्यता कोष (भ्यायबिलिटी ग्याप फन्डिङ–भिजिएफ)सम्बन्धी कानूनी आधार तयार पारे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए । विभिन्न क्षेत्रमा लगानी बढाउनका लागि भिजिएफको आवश्यकता उनले औंल्याए। सन् २०३० सम्ममा दिगो विकास लक्ष्य र सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनसम्बन्धी लक्ष्यप्राप्तिका लागि पनि नेपालले हरित लगानीलाई प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ छ ।

विश्व बैंकका वरिष्ठ निजी क्षेत्र विशेषज्ञ नताशा कपिलले साना तथा मझौला उद्योगमा नवप्रवर्तनमा आधारित र प्रविधिको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउन सकिने धारणा राखिन् । साना तथा मझौला उद्योगले मुलुकको अर्थतन्त्रको समग्र पारस्थितिक प्रणालीमैं महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले कृषि र प्रविधिमा आधारित साना व्यवसाय प्रवर्द्धनलाई नेपालले प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

# नेप्से परिसूचक ५९ अङ्कले घट्यो

काठमाडौं, ७ असोज/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ । सोमवार नेप्से परिसूचक ५९ दशमलव ०२ अङ्कले घटेर दुई हजार ५२९ दशमलव ३३ अङ्कमा कायम भएको हो ।

आज नेप्सेमा ३२९ कम्पनीका एक करोड ३५ लाख ३५ हजार ९०३ कित्ता शेयर ७७ हजार १५३ पटक खरीद–बिक्री हुँदा रु पाँच अर्ब ६६ करोड तीन लाख दुई हजार ६८३ बराबरको कारोबार भएको छ ।

आज सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै वित्त समूहको उपसूचक पाँच दशमलव ५६ प्रतिशतले घटेको छ। बैंकिङ एक दशमलव २७, विकास बैंक दुई दशमलव ४६, होटल तथा पर्यटन तीन दशमलव ३४, जलविद्युत् दुई दशमलव ८९ र लगानी समूह दुई दशमलव ७३ प्रतिशतले घटेका छन् ।

त्यस्तै, जीवन बीमा समूह दुई दशमलव ३५, उत्पादन तथा प्रशोधन एक दशमलव ८१, लघुवित्त दुई दशमलव ५६, म्युचुअल फन्ड शून्य दशमलव ४८, निर्जीवन बीमा दुई दशमलव ६९, व्यापार तीन दशमलव ९३ र अन्य समूह दुई दशमलव २२ प्रतिशतले घटेका छन् ।

आजको कारोबारमा २२९ कम्पनीका शेयर मूल्य घटेका छन् भने १४ कम्पनीका शेयर मूल्य मात्रै बढेका छन्। हिमालयन हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ८४ प्रतिशतले बढेको छ । चारवटा कम्पनीको शेयर मूल्यमा आज नकारात्मक सर्किट लागेको छ। गुडविल फाइनान्स लिमिटेड, समृद्धि फाइनान्स कम्पनी लिमिटेड, एनआइसी एशिया फ्लेक्स क्याप फन्ड र इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेका छन् ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु २१ करोड १३ लाख ४२ हजार ७३२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने लक्ष्मी सनराइज बैंक लिमिटेड प्रमोटर शेयर पाँच लाख कित्ता खरीद–बिक्री भए ।

# महोत्तरीमा ४५ डिग्री तापक्रम

महोत्तरी, ७ असोज/रासस

पछिल्लो साता घामको राप निकै बढेर गर्मी बढेपछि महोत्तरीमा फेरि विद्यालय बिदा दिन थालिएको छ ।

जिल्लाको सुदूर दक्षिणावर्ती मनराशिशवा नगर कार्यपालिकाको कार्यालयले अत्यधिक बढेको गर्मीकै कारण सोमवारदेखि छ दिन विद्यालय बिदा दिने सूचना गरेको हो। महोत्तरीमा असोज सङ्क्रान्तियता ४५ डिग्री सेल्सियस तापक्रम रहँदै आएको छ ।

घामको प्रचण्ड राप बढेर कलिला उमेरका बालबालिकालाई विद्यालय आउजाउमा निकै समस्या बढेपछि उनीहरूको स्वास्थ्यलाई ध्यान दिंदै छ दिन बिदाको निर्णय गरिएको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत राजेशकुमार शर्माले जानकारी दिए। यस अघि गत जेठमा पनि मनराशिशवासहितका जिल्लाका सबै स्थानीय तहले गर्मी छल्न सात दिन बिदा दिएका थिए ।

मनराशिशवा नगर कार्यालयले गर्मी छल्न बिदा दिएपछि जिल्लाका अन्य स्थानीय तहले पनि बिदा दिने तयारी गरेका छन्। जिल्लामा असोज लागेपछि बढेको प्रचण्ड रापले सरकारी कार्यालयमा कामविशेषले पुग्ने सेवाग्राही निकै घटेका छन् । यसैगरी, हाटबजार, यातायात र व्यापारिक प्रतिष्ठानमा पनि चहलपहल घटेको छ ।

# मुगु ६५औं साक्षर जिल्ला

मुगु, ७ असोज/रासस

विकट हिमाली जिल्ला मुगुलाई साक्षर जिल्ला घोषणा गरिएको छ । सोमवार एक औपचारिक कार्यक्रम गर्दै मुगु साक्षर जिल्ला घोषणा गरिएको हो।

जिल्लाका चार स्थानीय तहहरूले साक्षर पालिका घोषणा गरेसँगै मुगु जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको हो ।

जिल्ला समन्वय समितिका प्रमुख मञ्जनबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न साक्षर जिल्ला घोषणा कार्यक्रममा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीसहित सरोकारवालाले सामूहिकरूपमा घोषणापत्रमा हस्ताक्षर गरेका थिए ।



“हिजोका दिनमा गाउँघरमा

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय शान्ति दिवस र विश्व शान्तिका चुनौतीहरू

विचार



डा विष्णुराज उप्रेती

**अहिले विश्वमा जति पनि अशान्तिहरू देखिएका छन् । तिनका प्रमुख कारक भनेको शक्तिराष्ट्रहरू नै हुन् । यिनै शक्तिराष्ट्रहरूकै कारण अब विश्वले नयाँनयाँ सङ्कटहरू भोग्न परिरहेको छ । तर यी सङ्कट समाधान गर्न भने शक्तिराष्ट्रहरूले खासै चासो देखाएका देखिँदैनन् । न त संयुक्त राष्ट्रसङ्घ नै प्रभावकारी हुन सकेको छ ।**

संयुक्त राष्ट्रसङ्घको स्थापना नै सन् १९४५ मा युएन चार्टरमार्फत दोस्रो विश्व युद्धपछि विश्वमा शान्तिसुरक्षा कायम गर्ने र आर्थिक, सामाजिक र मानवीय समस्यामा सहयोग र सहकार्य गर्ने उद्देश्यबाट भएको हो । विश्वका १९३ देश सदस्य रहेको यो संस्थाको सबैभन्दा शक्तिशाली संरचना चाहिं सुरक्षा परिषद् हो, जसले विश्व शान्ति सेनाको परिचालनलगायत सबै महत्त्वपूर्ण राजनीतिक निर्णयहरू गर्छ । युएनका शान्तिसम्बन्धी अरू संरचनाहरूमा शान्ति सेना परिचालन, महासभा, महासचिवको कार्यालय, मानव अधिकार परिषद्, अन्तर्राष्ट्रिय अदालतहरू छन् भने यसले मानवीय सहायता, निशस्त्रीकरण, शरणार्थीलगायतका सवालहरूमा पनि काम गरेको छ । यो संस्थाले शान्ति प्रवर्द्धनका लागि विभिन्न दिवस पनि घोषणा गरेको छ । तीमध्यको एक हो, सन् १९८१ देखि हरेक वर्ष सेप्टेम्बर २१ मा मनाइँदै आएको अन्तर्राष्ट्रिय शान्ति दिवस ।

यो संस्थाले शान्ति प्रवर्द्धनका लागि विभिन्न कोशिश गर्दागर्दै पनि अपेक्षित परिणाम भने हासिल गर्न सकेको छैन । यसको उदाहरणमा अहिले पनि ३२ वटा देशमा सक्रिय युद्धहरू चलिरहेका छन् र यसका २४ वटा मिसन पनि सक्रिय रहेका छन् (तीमध्ये ११ वटा मिसनमा नेपालले कुल छ हजार १४१ जना पठाइ सबैभन्दा बढी योगदान गर्ने देश भएको छ) । यो संस्था अति भद्दा, केन्द्रिकृत र शक्ति राष्ट्रहरूको नियन्त्रणमा भएको कारणले नै प्रभावकारी हुन नसकेको हो । यो संस्थालाई प्रभावकारी बनाउने हो भने सुरक्षा परिषद्को आमूल परिवर्तनसहित समग्र पुनर्संरचना गर्न आवश्यक छ ।

**शान्तिको अवधारणा**

शान्तिको अवधारणा व्यापक छ । रक्तपातपूर्ण युद्ध चलिरहेका देशहरू (युक्रेन, रसिया, इजरायल–प्यालेस्टाइन, इजरायल–लेबनान (हजबुल्लाह)मा हिंसात्मक युद्ध रोकिनु नै शान्तिको आधार मानिन्छ भने तनाव र द्वन्द्व रहेका देशहरू (म्यानमा, इथियोपिया, सहेल, हैटी, अर्मेनिया–अजरबैजान आदि)मा तनाव र द्वन्द्वको अन्त्य नै शान्तिको सुरुआत मात्र भन्न सकिन्छ । तर यो नै शान्तिको पूर्ण अवस्था भने होइन । नर्वे, आइसल्यान्ड, स्वीडेन वा अरू कुनै हिंसात्मक गतिविधि नभएका शान्त देखिने देशहरूमा अशान्ति छैन भन्ने होइन । त्यहाँका मानिसमा पनि अशान्ति छ । त्यसैले शान्ति भनेको द्वन्द्व वा युद्धको स्थगन हुनु मात्र होइन । हामीले शान्तिको परिभाषा गर्दा परिस्थिति र परिवेश सापेक्ष गर्नुपर्ने हुन्छ । सारमा शान्तिको सरल परिभाषामा शान्ति भनेको मानिसको मन मस्तिष्कबाट सिर्जित मनोभावनात्मक अवस्था हो, जहाँ उसले कुनै अस्थिरता, असुरक्षा, त्रासको अनुभूति गर्दैन अर्थात् सुरक्षित महसूस गर्छ । यसै आलोकमा विश्व शान्तिलाई हेर्न उपयुक्त हुन्छ ।

**विश्व शान्तिका चुनौतीहरू**

अहिले विश्व नितान्त नयाँ खाले र निकै जटिल देखिएका चुनौतीबाट गुज्रिरहेको छ । दोस्रो विश्वयुद्धपछि शुरू भएका स्थापित मान्यता र अभ्यासहरू जस्तै लोकतान्त्रिक प्रक्रिया, व्यापारमुखी खुला अर्थतन्त्र, मानव अधिकार, कानूनको शासन पनि जटिल अवस्थाबाट गुज्रिरहेका छन् । यिनीहरूको आधारभूत मान्यतामैं प्रश्नचिह्न खडा भएका छन् । यी मान्यताहरूको नयाँ र भिन्न चिन्तनबाट व्याख्या र अभ्यास हुन लागिरहेको छ भने थुप्रै नयाँ र विश्वले अघिल्लो शताब्दीमा अनुमानसमेत नगरेका चुनौतीहरू देखा परिरहेका छन् । केही यस्ता चुनौतीहरूका प्रारम्भिक सङ्केतहरू नै कहालीलाग्दा देखिँदैछन् भने कतिपय सवाल त शासक–प्रशासक, आमनागरिक र राजनीतिहरूका परिकल्पनाभन्दा बाहिरका र केवल चिन्तक र दार्शनिकको तहमा रहेका तर उनीहरूको भनाइ सुन्दैमा भयावह लाग्ने खालका छन् । यिनै चुनौतीहरू र यसले पार्न सक्ने प्रभावबारे यहाँ केही चर्चा गरिन्छ ।

**लोकतन्त्र र कानूनी शासनमा चुनौती**

विश्व चर्चित व्यक्तिहरू अब्राहम लिङ्कन, महात्मा गाँधी, नेल्सन मन्डेलादेखि दार्शनिक विश्वविद्यालयका प्राध्यापक, राजनीतिशास्त्रका विद्यार्थी, राजनीतिशास्त्रीहरूले उठाएका, अभ्यास गरेका वा पैरवी गरेका लोकतान्त्रिक मान्यता र अभ्यास जस्तै मानव अधिकार र कानूनी शासन, न्यायपूर्ण शासनहरू लोकतन्त्रको उत्कृष्ट अभ्यास गरेका भनिएका युरोपका देशहरूमा पूर्ण दक्षिणपन्थी पार्टीहरू जस्तैः डेनमार्कको डेनिस पिपुल्स पार्टी, जर्मनीको अल्टरसेटिभ फर जर्मनी, नेदरल्यान्ड फ्रिडम पार्टी, फ्रान्सको नेशनल फ्रन्ट, स्वीट्जरल्यान्डको स्वीस पिपुल्स पार्टी, इटालीको नर्दन लिग, फिनल्यान्डको द फिन्स, स्वीडेनको डेमोक्रयाट, अस्ट्रियाको फ्रिडम पार्टी, स्लोभाकियाको आवर स्लोभाकिया, हङ्गेरीको जोबिक, ग्रीसको गोल्डेन डावनको प्रभाव बढ्दै गइरहेकाले अब विश्व पहिले स्थापित मान्यताबाट निकै टाढिँदै गएको देखिँदैछ । पहिला विकासोन्मुख देशमा उग्रदक्षिणपन्थी शासकहरू आए, तानाशाही शासन बढ्यो भनेर आलोचना गर्ने देशहरूमैं दक्षिणपन्थी तानाशाही मान्यतालाई प्राथमिकता दिने पार्टीहरूलाई जनताले मत दिई स्थापित गराउनुले पनि अब पहिलेका स्थापित लोकतान्त्रिक मान्यतामाथि चुनौती थपिएको देखाउँछ ।

**ऊर्जा र वातावरणीय सुरक्षाको सवाल**

शक्तिराष्ट्रहरूले अत्यन्त संवेदनहीन तरीकाले नवीकरण नहुने ऊर्जाहरू जस्तैः पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस, कोइला र अति जोखिमयुक्त आणविक शक्तिको विस्तार र प्रयोग गर्दा यसबाट सिर्जना भएको वातावरणीय असुरक्षाको र जलवायुसँग सम्बन्धित सङ्कट सिर्जना भइरहेको छ । शक्तिराष्ट्रहरूले कमजोर राष्ट्रलाई वातावरण संरक्षण र जलवायु परिवर्तन जोखिमसम्बन्धी पण्डित्याइँ छाट्ने र सहयोगमा शर्त राख्ने गरे पनि उनीहरूले आफूले खपत गरेको ऊर्जाका कारण सिर्जना भएको जलवायु परिवर्तन र वातावरणीय असुरक्षाबारे स्वीकार्न तयार छैनन् । सन् २०१६ मा गरिएको अध्ययनमा विश्वमा खपत हुने ऊर्जामध्ये ८० प्रतिशत गैरनवीकरणीय ऊर्जाबाट प्राप्त हुने र यो नै वातावरणीय असुरक्षाको प्रमुख कारक भएको देखाएको छ । सन् २०१७ को तथ्याङ्कअनुरूप विश्व जनसङ्ख्याको ४.२९ प्रतिशत भएको अमेरिकाले विश्व ऊर्जाको १७ प्रतिशत खपत गर्छ ।

विश्वमा सबैभन्दा धेरै ऊर्जा खपत गर्ने देशहरूमा चीन, अमेरिका, भारत, रूस, जापान, दक्षिण कोरिया, जर्मनी, क्यानडा र इरान छन् र यिनीहरू नै विश्वमा जलवायु परिवर्तन र वातावरणीय असुरक्षाका लागि जिम्मेवार पनि छन् तर उनीहरू यो यथार्थ स्वीकार्न तयार देखिँदैनन् । नेदरल्यान्डको सरकारी वातावरणीय मूल्याङ्कन संस्थाको सन् २०१२ को अनुसार २८ देखि ३० नोभेम्बर २०१७ मा जलवायु परिवर्तनका कारण सिर्जना भएको भविष्यमा हुन सक्ने असुरक्षाबारे छलफल गर्न विश्वभरबाट नेदरल्यान्डको हेगमा भेला भएका अनुसन्धानकर्ता, प्राध्यापक, सुरक्षाविद् र नीति निर्माताहरूको निचोड के थियो भने अहिले जसरी नै विश्वका शक्ति राष्ट्रहरूले प्राकृतिक स्रोतको दोहन र वातावरणीय पक्षलाई बेवास्ता गर्ने हो भने मानव अस्तित्व सङ्कटमा पर्ने खतरा ज्यादै छ ।

कार्बन (सिओ–२) उत्सर्जन गरी जलवायु परिवर्तनमा सबैभन्दा बढी योगदान दिने प्रमुख १० देशमा चीन, अमेरिका, भारत, रूस, जापान, जर्मनी, दक्षिण कोरिया, क्यानडा, इन्डोनेशिया र साउदी अरेबिया पर्छन् । तर वातावरणीय असुरक्षा र जलवायु परिवर्तनको मार भने कमजोर राष्ट्रहरूले खेप्नुपरिरहेको छ । यी देशका शासकहरूले अझ पनि उनीहरूको केवल आर्थिक विकास केन्द्रित गलत रवैयाका कारण सिर्जित कार्बनडाइअक्साइड उत्सर्जनको मार संसारले भोग्नुपरेको यथार्थ आत्मसात् गर्न सकेका छैनन् र यही रवैया कायम रहेमा विश्वमा अशान्ति मात्र हैन मानव अस्तित्व नै सङ्कटमा पर्न सक्ने अवस्था नकार्न सकिँदैन ।

**अस्थिरता र द्वन्द्व**

विश्वका शक्तिराष्ट्रहरूले विपन्न राष्ट्रमा रहेको अपार प्राकृतिक स्रोत (हीरा, युरेनियम, सुन, तेल र प्राकृतिक ग्याँस, पानी आदि) प्रत्यक्ष वा अप्रत्यक्षरूपमा कब्जा गर्न, आफ्नो रणनीतिक, सैनिक र राजनीतिक स्वार्थ पूरा गर्न वा वैचारिक आधारमा कमजोर राष्ट्रहरूमाथि सीधैं वा अन्य माध्यमबाट आन्तरिक मामलामा हस्तक्षेप गर्ने, सरकार अदलबदल गर्ने, हतियार बिक्री गर्ने वातावरण तयार गर्नेजस्ता कारणले द्वन्द्व सिर्जना गराइएका छन् । यस्ता द्वन्द्वहरूलाई सम्बन्धित देशभित्र रहेका गरीबी, बेरोजगारी, अशिक्षा, प्रदूषण, कुशासन, भोकमरीजस्ता संरचनागत कारणले थप जटिल बनाइदिएका छन् र यिनै कारणहरू सम्बोधन गर्न भनी फेरि शक्तिराष्ट्रहरू नै विकास सहायताका नाममा आई स्थिति थप जटिल बनाएको यथार्थ संसारभर स्थापित छ ।

साथै अहिले भनिने आतङ्कवादको आधारभूत कारण खोज्दै जाने हो भने यसमा महत्त्वपूर्ण भूमिका शक्तिराष्ट्रहरूकै रहेको देखिन्छ । यसमा अतिवादी शक्तिहरू विगत वा वर्तमानमा कुनै न कुनै शक्तिराष्ट्रका रणनीतिसँग जोडिएको वास्तविकता पुष्टि भइसकेका छन् (यसको पछिल्लो उदाहरण अलकायदाका तत्कालीन नेता ओसामा बिन लादेन नै हुन् । यतिसम्म कि ख्यातिप्राप्त विद्वान् नोम चोमस्की, इडवार्ड हर्मन्स्, रूथ वेकर्ली, फेडरिक गोरेउले त अमेरिका नै विश्वमा आतङ्कवाद उत्पादन गर्ने प्रमुख देशमध्ये भएकोबारे थुप्रै लेख र पुस्तक नै लेखेका छन् । अहिले पनि अफ्रिकाका ३० देशमा २७० लडाकू समूह द्वन्द्वमा सक्रिय छन् भने एशियाका १६ देशमा १८२ लडाकू समूह, युरोपका १० देशमा ८२ लडाकू समूह, मध्यपूर्वका सातवटा देशमा २६१ लडाकू समूह, अमेरिकी महादेशका सात देशमा ३० लडाकू समूह गरी कुल ७० देशमा ८२५ वटा सक्रिय द्वन्द्व चलिरहेका छन्, यी द्वन्द्वहरूको सूक्ष्म विश्लेषण गर्दा शक्तिराष्ट्रहरूको स्वार्थ र प्रभाव व्यापक रहेको पाइन्छ ।

**भूमण्डलीकरण**


शक्तिराष्ट्रहरूको आर्थिक स्वार्थ संरक्षण र प्रवर्द्धनका लागि प्रविधि विकास, कानूनी, संरचनागत र विषयगतरूपमा मजबूत बनाउँदै लगिएको भूमण्डलीकरणकै कारण रैथाने बीउबिजन, ज्ञान–सीप ध्वस्त भइरहेको, अपार जैविक र आनुवंशिक विविधता बौद्धिक सम्पत्तिमाथिको अधिकारका नाममा वा नयाँ प्रविधिको प्रयोगबाट स्थानीय मानिसको नियन्त्रण र पहुँच निषेधित हुँदै गइरहेको छ भने विश्व व्यापार सङ्गठनका थरीथरीका प्रावधानबाट गरीब देशका नागरिक छटपटाउनै नसकिने गरी बेरिएका मात्र छैनन्, गरीबी, कुपोषण र भोकमरीबाट समेत आक्रान्त छन् ।

खासगरी शक्तिराष्ट्रका बहुराष्ट्रिय कम्पनीहरूले गरीबी र भोकमरी बढाउन, धनी र गरीबबीच दूरी बढाउन महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । उदाहरणका लागि सन् २००७ को तथ्याङ्कमैं विश्वको बीउ बजारको ४२ प्रतिशत अमेरिकाका तीनवटा कम्पनी पूर्व–मोन्सान्टो, डुपोक्ट ल्यान्ड र लेक्सले बीउ नियन्त्रण गरेका छन् भने ६७ प्रतिशत विश्वको बीउ बजार विश्वका १० वटा ठूला कम्पनीले नियन्त्रण गरेका छन् ।

**निष्कर्ष**

अहिले विश्वमा जति पनि अशान्तिहरू देखिएका छन् । तिनका प्रमुख कारक भनेको शक्तिराष्ट्रहरू नै हुन् । यिनै शक्तिराष्ट्रहरूकै कारण अब विश्वले नयाँनयाँ सङ्कटहरू भोग्न परिरहेको छ । तर यी सङ्कट समाधान गर्न भने शक्तिराष्ट्रहरूले खासै चासो देखाएका देखिँदैनन् । न त संयुक्त राष्ट्रसङ्घ नै प्रभावकारी हुन सकेको छ । विश्वमा अहिले देखिएका जटिलता र सङ्कटहरूको सामना गर्न शक्तिराष्ट्रहरू गम्भीर भई संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को पुनर्संरचना गर्नैं पर्छ । नत्रभने शक्तिराष्ट्रहरूले सिर्जना गरेका जटिलता र सङ्कटहरूले विपन्न देशहरूमा अकल्पनीय नोक्सान पुऱ्याउने र संयुक्त राष्ट्रसङ्घ पनि विफल हुनेछ ।

(लेखक द्वन्द्व विशेषज्ञ हुन् । रासस)



**जोमसोम बजारः** मुस्ताङको घरपझोङ गाउँपालिका–५ ठिनीदेखि देखिएको मुस्ताङको सदरमुकाम जोमसोम बजार र स्याउबारी । तस्बिरः सन्तोष गौतम/रासस

## फरक समाचार

# ज्वाइँलाई भन्नुहुँदैन यी कुराहरू

छोरीको विवाहपछि ज्वाइँसँगको सम्बन्ध महत्त्वपूर्ण हुन्छ, किनभने यसले दुई व्यक्तिलाई मात्र जोड्ने नभई दुई परिवारबीच नयाँ सम्बन्ध पनि स्थापित गर्छ ।



यो सम्बन्धमा पारस्परिक सम्मान र समझदारी हुनुपर्छ जसले दुवै परिवारबीच प्रेम र राम्रो व्यवहार रहन्छ । तर कहिलेकाहीं अन्जानमा भनिएको केही कुराले सम्बन्ध बिगार्न सक्छ । यहाँ हामी केही कुराहरू बताउँदै छौं जुन ज्वाइँको अगाडि भन्नुहुँदैन, अन्यथा सम्बन्ध बिग्रन सक्छ ।

**तपाईंको आम्दानी कम छ :** ज्वाइँको आय वा पेशाबारे प्रश्न गर्दा नकारात्मक असर पर्न सक्छ । कमाइ कम होस् वा धेरै हरेक मानिस आफ्नो हिसाबले मेहनत गर्छ । यस्ता टिप्पणीले ज्वाइँले आत्मविश्वासमा कमी महसूस गर्न सक्छन् र सम्बन्धमा दूरी बढ्न सक्छ ।

**तिमीले हाम्रो छोरीको ख्याल राख्नुपर्छः** छोरीको जिम्मेवारी र हेरचाहबारे चिन्तित हुनु स्वाभाविक हो तर यो पनि ध्यानमा राख्नु आवश्यक छ कि छोरी अब फरक परिवारकी सदस्य भइसकेकी छे । ज्वाइँलाई बारम्बार छोरीको हेरचाह गर्नु भन्दा सम्बन्धमा तनाव निम्तिन सक्छ ।

**ज्वाइँको परिवारको व्यवहार राम्रो छैनः** ज्वाइँको परिवारबारे नकारात्मक टिप्पणी गर्नु झगडाको कारण बन्न सक्छ । हरेक परिवारको आआफ्नै तरीका रहनसहन र संस्कृति हुन्छ । यदि कुनै समस्या छ भने शान्त र सम्मानपूर्वक उठाउनुहोस्, तर कुनै पनि परिस्थितिमा उसको परिवारलाई तल देखाउने प्रयास गर्नुहुँदैन ।

**ज्वाइँको अरूसँग तुलना नगर्ने :** ज्वाइँलाई अरू कसैसँग तुलना गर्नुहुँदैन । आर्थिक अवस्था होस्, हैसियत होस् वा अन्य कुनै पनि पक्षबारे तुलना गर्दा सम्बन्धमा तिक्तता आउन सक्छ । हरेक व्यक्तिको आफ्नै विशेषता र कमजोरी हुन्छ । तुलना गर्नाले व्यक्तिको आत्मविश्वास घट्छ र यसबाट ज्वाइँको मनमा तपाईंप्रति लागि आदर कम हुन्छ ।


**छोरी पहिले यस्ती थिइन :** यस्ता शब्दले ज्वाइँलाई सीधै सन्देश दिन्छ कि ससुराली घर गएपछि छोरीको बानी वा व्यवहारमा परिवर्तन भएको छ । विवाहपछि कुनै पनि छोरीको जीवनमा परिवर्तन आउनु स्वनभाविक हो, तर यस किसिमको टिप्पणीले सम्बन्धमा तिक्तता आउन सक्छ र ज्वाइँलाई दोष लगाएको महसूस हुन्छ ।

**हाम्रा अपेक्षाहरू पूरा भएका छैनन्:** ज्वाइँसँग बारम्बार आफ्नो अपेक्षा व्यक्त गर्दा उनी दबाबमा पर्न सक्छन् । अपेक्षा राख्नु गलत होइन तर बारम्बार व्यक्त गर्दा सम्बन्धमा बोझ थपिन्छ । दुवै पक्षका मानिसहरूले एकअर्कालाई सम्मान गरे मात्रै राम्रो सम्बन्ध बन्न सक्छ । सम्मान र आदरविना कुनै दबाब गर्नुपर्छ ।

# यस्ता व्यक्तिले रामतोरियाँको सेवन गर्नुहुँदैन

रामतोरियाँ (भिन्डी)लाई सामान्यतया स्वस्थ तरकारी मानिन्छ, जसमा धेरै पोषक तत्त्व हुन्छ । यसले पाचनमा मदत गर्छ, तौल घटाउँछ र रगतमा चिनीको





मात्रा नियन्त्रणमा पनि भूमिका खेल्छ । तर के तपाईंलाई थाहा छ रामतोरियाँको सेवनले कसैकसैलाई हानि पनि पुऱ्याउन सक्छ ।

**रामतोरियाँको साइड इफेक्ट :** रामतोरियाँमा लेक्टिन नामक प्रोटिन पाइन्छ, जसले केही मानिसमा एलर्जी निम्त्याउन सक्छ । भिन्डीमा उच्च मात्रामा फाइबर हुन्छ, जसबाट कसैकसैलाई पेटमा ग्याँस र पेट सुन्निने समस्या पनि हुन्छ । यस्ता व्यक्तिले रामतोरियाँ खानुहुँदैन ।

**एलर्जी भएका व्यक्तिहरू :** यदि तपाईंलाई रामतोरियाँबाट एलर्जी छ भने यसको सेवन गर्नुहुँदैन । रामतोरियाँ खाँदा दाना आउने, चिलाउने, सुन्निने, सास फेर्न गाह्रो हुने वा पेट दुख्ने जस्ता समस्या हुन सक्छ ।

**पाचनसम्बन्धी समस्या भएका व्यक्तिहरू :** यदि तपाईंलाई कब्जियत, पखाला वा इरिटेबल बोवेल सिन्ड्रोम जस्ता पाचनसम्बन्धी समस्याहरू छन् भने रामतोरियाँ खाँदा तपाईंको समस्या झनै बढ्न सक्छ ।

**मधुमेह रोगी :** रामतोरियाँमा रगतमा चिनी घटाउने गुण हुन्छ । तसर्थ यदि तपाईंले मधुमेहको औषधि खाँदै हुनुहुन्छ भने रामतोरियाँ खानु अघि चिकित्सकसँग परामर्श लिनुपर्छ ।

**गर्भावस्था र स्तनपान :** गर्भवती महिला र स्तनपान गराउने महिलाले रामतोरियाँ खानु अघि चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

**यस्ता व्यक्तिको लागि रामतोरियाँ विष बराबर हुन्छ :** रामतोरियाँलाई हरियो तरकारी मानेर सेवन गर्छौं । तर जसलाई पत्थरी छ वा कफको समस्या छ भने उसले भिन्डी खानुहुँदैन । रामतोरियाँमा पाइने गेंडाले पथरीलाई झनै बिगार्न सक्छ । रामतोरियाँमा पाइने च्यापच्यापे पदार्थले कफको समस्या बढाउँछ ।

**रामतोरियाँका फाइदाः** रामतोरियाँमा भिटामिन सी, फोलेट, म्याग्नेशियम र पोटाशियमजस्ता पोषक तत्त्वहरू पाइन्छन् । यसले तौल घटाउन मदत गर्छ, रगतमा चिनीको मात्रा नियन्त्रण गर्छ र पाचन प्रक्रियामा सुधार गर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जापानमा वर्षाका कारण छजनाको मृत्यु

टोकियो, ७ असोज/सिन्हवा

जापानको इशिकावा प्रान्तमा भारी वर्षाका कारण छजनाको मृत्यु हुनुका साथै दशजना बेपत्ता रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। उद्धार कार्य जारी रहेको जापानी सञ्चारमाध्यमले जनाएका छन्।

मृतकमध्ये दुईजना कामदार आइतवार एउटा सुरुङनजीकै मृत फेला परेका थिए। स्थानीय प्रहरीलाई उद्धृत गर्दै राष्ट्रिय सञ्चारमाध्यम एनएचकेले शनिवार भग्नावशेषमुनि गाडिएका अन्य दुईजना महिलाको शव फेला परेको जनाएको छ।


भग्नावशेषमा मानिसको खाजी गर्दै उद्धारकर्मीहरू। तस्वीरः एएफपी

नदी क्षेत्रनजीकै उद्धार गरिएको एक व्यक्तिको मृत्यु भएको पुष्टि भएको छ भने एउटा घर पहिरोमा डुब्दा थप एकजनाको मृत्यु भएको बताइएको छ।

अधिकारीहरूले अझै केही व्यक्तिको सुरक्षा पुष्टि नभएकोले बेपत्ता व्यक्तिहरूको खोजी भइरहेको एनएचकेले जनाएको छ।

भारी वर्षाले शनिवारदेखि इशिकावामा सामान्य जनजीवन प्रभावित भएको छ भने यो क्षेत्र केही समय अघि मात्र ठूलो भूकम्पबाट प्रभावित भएको थियो।

जापानको मौसम विभागले आइतवारदेखि इशिकावा प्रान्तका केही भागमा भारी वर्षा हुने आपत्कालीन चेतावनी दिंदै सम्भावित बाढी र पहिरोबाट जोगिन निरन्तर सतर्क रहन आह्वान गरेको छ।

एनएचकेका अनुसार भारी वर्षाले निम्त्याएको पहिरोका कारण जापानका ११५ वटा गाउँलाई नराम्ररी प्रभावित पारेको छ भने आपूर्ति र पूर्वाधारमा लामो समयसम्म पर्ने प्रभावबारे चिन्ता बढ्दै गएको छ। रासस

## आफ्ना नागरिकलाई इजरायल छाड्न चीनको आग्रह

बेइजिङ, ७ असोज/एएफपी

इजरायल र लेबनानको इरान समर्थित लडाकू समूह हेजबुल्लाहबीच तनाव बढ्दै जाँदा चीनले इजरायलमा रहेका आफ्ना नागरिकलाई जति सक्यो छिटो इजरायल छोड्न आग्रह गरेको छ।

हाल, इजरायल–लेबनान सीमा अत्यन्त तनावपूर्ण रहेको तथा बारम्बार बढ्दो सैन्य द्वन्द्वको सम्भावना देखाउँदै इजरायलस्थित चिनियाँ दूतावासले एक विज्ञप्ति जारी गर्दै आफ्ना नागरिकलाई सुरक्षाको लागि स्थानान्तरणको निर्देशन दिएको हो।

नागरिकहरूलाई इजरायल छोडी स्वदेश तथा सुरक्षित स्थानमा स्थानान्तरण गर्न आह्वान गर्दै जारी गरिएको विज्ञप्तिमा इजरायलको सुरक्षा अवस्था गम्भीर भएको उल्लेख गरिएको छ।

यसैबीच, आइतवार पूर्ण युद्धबाट पछि हट्न अन्तर्राष्ट्रिय दबाबका बावजूद इजरायल र हेजबुल्लाहले सीमापार आक्रमण बढाउने धम्की दिएका छन्।

दक्षिणी बेरुतस्थित घना जनसङ्ख्या भएको हेजबुल्लाहको गढमा इजरायली हवाई आक्रमण भएपछि हेजबुल्लाहको कुलीन रादवान फोर्सका प्रमुख इब्राहिम अकील मारिएका थिए। रासस

## श्रीलङ्कामा दिसानायकाद्वारा राष्ट्रपति पदको शपथ ग्रहण

कोलम्बो, ७ असोज/एएफपी

श्रीलङ्कामा पहिलो वामपन्थी राष्ट्रपति अनुरा कुमारा दिसानायकाले सोमवार पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्।

श्रीलङ्काको निर्वाचन आयोगले आइतवार दिसानायकालाई मुलुकको राष्ट्रपति निर्वाचित भएको घोषणा गरेको थियो। शनिवार भएको निर्वाचनमा पिपुल्स लिबरेशन फ्रन्टका ५५ वर्षीय नेता दिसानायका ४२.३१ प्रतिशत मत प्राप्त गरी राष्ट्रपति विजयी भएका आयोगले जनाएको छ।

विपक्षी दलका नेता सजिथ प्रेमदासा ३२.७६ प्रतिशतका साथ दोस्रो स्थानमा र सन् २०२२ को आर्थिक सङ्कटको चरम अवस्थामा पदभार सम्हालेका र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बेलआउटको शर्त अनुसार कठोर मितव्ययी नीति लागू गरेका निवर्तमान राष्ट्रपति रनिल विक्रामासिंघे १७.२७ प्रतिशतका साथ तेस्रो स्थानमा रहेका थिए।

सन् २०२२ मा श्रीलङ्कामा आएको आर्थिक मन्दीका कारण आम श्रीलङ्कावासीले पीडादायी कष्ट भोग्नु परेपछि दिसानायकाको समर्थनमा वृद्धि भएको थियो।

सांसदहरू, बौद्ध धर्मगुरुका सदस्यहरू र समारोहबीच ५५ वर्षीय दिसानायकाले प्रधान न्यायाधीश समक्ष शपथ ग्रहण गरेका हुन्।

शपथ ग्रहणपछि दिसानायकाले भने–"जनताको राजनीतिज्ञप्रतिको विश्वास पूर्णरूपमा पुनर्स्थापित गर्न म सक्दो प्रयास गर्नेछु।"

उनले भने–"म जादुगर होइन। मैले


राष्ट्रपति अनुरा कुमारा दिसानायका। तस्वीरः एजेन्सी

जानेका कुराहरू छन् र मलाई थाहा नभएका कुराहरू पनि छन्, तर म उत्तम सल्लाह लिनेछु र मेरो सर्वोत्तम प्रयास गर्नेछु। त्यसका लागि मलाई सबैको सहयोग चाहिन्छ।"

**प्रधानमन्त्रीद्वारा राजीनामा**

श्रीलङ्काको नयाँ राष्ट्रपतिमा अनुरा कुमारा दिसानायका निर्वाचित भएपछि प्रधानमन्त्री दिनेश गुणवर्धनाले सोमवार बिहान राजीनामा दिएका छन्। राजीनामा पत्रमा गुणवर्धनाले श्रीलङ्काको नवौं कार्यकारी राष्ट्रपतिको रूपमा दिसानायके निर्वाचित भएसँगै देशको संविधान अनुसार नयाँ मन्त्रिमण्डल गठनका लागि मार्ग प्रशस्त गर्न राजीनामा दिएको उल्लेख गरेका छन्।

दिसानायकाले विजय हासिल गरेपछि गुणवर्दनाले आइतवार राति नै उनलाई बधाई दिएका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनखति | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – सफलता | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुभय | मकर – चोरभय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**मुगु ...**

परदेशबाट आफन्तहरूले पठाएको चिठी पढ्न गाउँमा पढेको मान्छे खोज्दै हिंड्नुपर्ने अवस्था थियो। अब त्यो अवस्था छैन, आज सबै पढ्न सक्ने भएका छन्," नेपाल शिक्षक महासङ्घका जिल्ला अध्यक्ष विष्णुमाया भामले भनिन्।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका जिल्ला अध्यक्ष नृपेन्द्रबहादुर मल्लले साक्षर जिल्ला घोषणा गरिए पनि स्थानीय तहहरूले साक्षरताको १२ सूचकमध्ये छ सूचक मात्र पूरा गरेको र बााकी छवटा सूचक पनि पूरा गर्न सुझाव दिए। नागरिक अगुवा रूपबहादुर मल्लले साक्षर जिल्ला घोषणामा मात्र सीमित नरहनुपर्ने बताए।

दुर्गम जिल्लाको स्वास्थ्य, शिक्षाको गुणात्मक सुधारका लागि आफूले कर्णाली प्रदेश सरकारमा उपलब्धिमूलक कार्यमा ध्यान दिने सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले प्रतिबद्धता व्यक्त गरे। मुगु साक्षर घोषणा भएसँगै देशका ६५ जिल्ला साक्षर घोषणा भएका छन्। अझै १२ जिल्ला साक्षर घोषणा हुन बाँकी छन्।

कार्यक्रममा स्थानीय देउडा, हुड्के नाचसहित विभिन्न विद्यालयले सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेका थिए।

**उद्योगको सेड र जग्गा बिक्रीमा**

जिल्ला बारा, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ९ नितनपुरचोकमा रहेको लगभग ४०,००० Sq.Ft. को सेड र ४५ कट्ठा जग्गा बिक्रीमा छ। उद्योग निरीक्षण गरेपछि सेड र जग्गा वा सेड मात्रको दररेट राखी उल्लिखित व्यक्तिसँग सम्पर्क राख्नुहोला। **सम्पर्कः राजकुमार यादव, मोनं.: ९८५५०२२२७१**

**Samriddhi Finance** Partnership for Prosperity

## समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८१/०६/०८**

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखी, कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याजलगायतका वित्तीय संस्थाको लेना रकम नबुझाइ कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको र पटकपटक मौखिक, लिखित, फोन तथा एसएमएसमार्फत तरताकेता गर्दासमेत कर्जाको साँवा, ब्याजलगायतका रकम चुक्ता भुक्तानी नगर्नुभएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिका कारोबारमा मिति २०८१/०४/३२ गते र प्रतीक दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लिखित चल–अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लिखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैर बैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल–अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थामा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी, धितोधनी तथा जमानीकर्तालाई उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित प्रतिनिधि, सम्बन्धित ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन। लिलामी कारबाई प्रक्रिया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै सिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

तपसिल

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नाम : अनिल बुढा**<br>बुबा : वीरबहादुर बुडा<br>बाजे : लालबहादुर बुढा<br>स्थायी ठेगाना : रामशिखरझाला–२, कैलाली<br>हालको ठेगाना : घोडाघोडी–९, कैलाली<br>नाप्रनं : ६७–०१–७१–०३७९८<br>जारी मिति : २०७१/०४/१२, जिल्ला : कैलाली<br><br>**धितोको विवरण**<br>**सवारीसाधनको नामः** Foton View C2-BJ6489B1PDA-RD<br>Engine No: K037449<br>Chasis No.: LVCB2NBA0N5021964<br><br>**व्यक्तिगत जमानी दिनेको विवरण**<br>नाम : वीरबहादुर बुढा<br>बाजे : नाथ बुढा<br>बुबा : लालबहादुर बुढा<br>स्थायी ठेगाना : रामशिखरझाला–२, कैलाली<br>हालको ठेगाना : घोडाघोडी–९, कैलाली<br>नाप्रनं : १४३३, जारी मिति : २०४४ साल, जिल्ला : कैलाली<br><br>**नामः पिङ्कला पौडेल**<br>ससुरा : वीरबहादुर बुढा<br>पति : अनिल बुढा<br>स्थायी ठेगाना : घोडाघोडी–१०, कैलाली<br>हालको ठेगाना : घोडाघोडी–९, कैलाली<br>नाप्रनं : ६७–०६–७४–००२९२<br>जारी मिति : २०७४–०१–२४, जिल्ला : कैलाली | हायर पर्चेज कर्जा, पुतलीसडक | **नाम : दुधाकुमारी भण्डारी**<br>ससुरा : लालबहादुर बुढा<br>पति : वीरबहादुर बुढा<br>नाप्रनं : ३/४१७/३३२<br>जिल्ला : कैलाली<br>जारी मिति : २०४६/०१/१५<br>स्थायी ठेगाना : साढेपानी–४, कैलाली<br>हालको ठेगाना : घोडाघोडी–९, कैलाली<br><br>**नामः सरीता थापामगर**<br>ससुरा : वीरबहादुर बुढा<br>पति : रामबहादुर बुढा<br>स्थायी ठेगाना : घोडाघोडी–४, कैलाली<br>हालको ठेगाना : घोडाघोडी–९, कैलाली<br>नाप्रनं : ६७–०६–७५–०२२७८<br>जारी मिति : २०७५/०५/०५<br>जिल्ला : कैलाली<br><br>**नाम : रामबहादुर बुढा**<br>बुबा : वीरबहादुर बुढा<br>बाजे : लालबहादुर बुढा<br>स्थायी ठेगाना : रामशिखरझाला–२, कैलाली<br>हालको ठेगाना : घोडाघोडी–९, कैलाली<br>नाप्रनं : ६७–०१–७१–१२८९१<br>जारी मिति : २०७१/१२/१६<br>जिल्ला : कैलाली |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरूः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको केन्द्रीय/शाखा कार्यालय पुतलीसडकबाट रु १,०००।– (रु एक हजार मात्र) तिरी (पछि फिर्ता नहुनेगरी) प्राप्त गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुनेछैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। सिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।
३. गोप्य सिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको शाखा कार्यालय पुतलीसडकमा समयभित्र प्राप्त भई सक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थाको शाखा कार्यालय पुतलीसडकमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट (३६औं दिन) र उक्त दिन बिदा परेमा त्यसलगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लिखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नुपरेमा लिलाम बोलपत्र पेश गर्नुअगावै समृद्धि फाइनान्स कम्पनी लिमिटेडको शाखा कार्यालय पुतलीसडकस्थित कर्जा असुली विभागमा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ।
५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अङ्ग मानिनेछ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साबिकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहींकतै उजूरबाजूर गर्न पाइनेछैन भनी यसै सूचनामार्फत जानकारी गराइन्छ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०७/१२ गते दिनको ३:०० बजे**
**लिलाम सिलबन्दी बोलपत्र खोलिने मिति : २०८१/०७/१३ गते दिनको ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय, पुतलीसडक**
**सम्पर्क फोन नं.: ०१–५३१८८३८, ०१–५३१२०९९, ०५७–५२५१००**

# फरार नौ थुनुवामध्ये सातजना पक्राउ

प्रस, वीरगंज, ७ असोज/

जिल्ला प्रहरी कार्यालय, धनुषाको थुनुवा कक्षबाट भेन्टिलेशन तोडेर आइतवार राति भागेका नौजना थुनुवामध्ये सातजना सोमवार विभिन्न स्थानबाट पक्राउ परेका छन् ।

जिप्रका, धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवालेले राति भेन्टिलेशन फोडेर लागूऔषध र अभद्र मुद्दामा थुनुवामा रहेका नौजना भागेका र उनीहरूमध्ये सातजनालाई सोमवार पक्राउ गरिएको बताए । एक चरणमा चारजना र अर्को चरणमा तीनजना गरी सातजना पक्राउ परे भने अन्य दुईजना अझै फरार रहेको उनले जानकारी गराए ।

# डुबेर महिलाको मृत्यु

प्रस, रौतहट, ७ असोज/

रौतहट जिल्ला राजदेवी नगरपालिका–८ लक्ष्मीपुरमा एकजना महिलाको पोखरीमा डुबेर मृत्यु भएको छ । प्रमोद साहकी ४५ वर्षीया पत्नी गिरिजा देवीको सोमवार बिहान ११ बजे पोखरीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

जितिया पर्वको अवसरमा पोखरीमा नुहाउन गएकी गिरिजा डुबेर घाइते भएकी र उनलाई स्थानीय सुरक्षाकर्मीहरूले उद्धार गरी उपचारको लागि प्रादेशिक अस्पताल गौर लैजाने क्रममा बाटोमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

**आमेरिकाद्वारा ...**

कार्यक्रमहरूको योजना र कार्यान्वयनलाई सुदृढ गर्नको लागि नेपाल सरकारको क्षमता अभिवृद्धि गर्नेछ । परियोजनाले ६९,००० घरधुरीलाई ५३,००० हेक्टर क्षेत्रफलमा उत्पादन वृद्धि गर्न नयाँ प्रविधि र कृषि अभ्यासहरू अपनाउन सहयोग गर्नेछ ।

नयाँ ग्लोबल फूड सेक्युरिटी स्ट्राटेजी नेपाल कन्ट्री प्लान गरीबी, भोकमरी, र कुपोषणलाई दिगोरूपमा घटाउनका लागि कृषि र खाद्य प्रणालीको रूपान्तरण गर्न लक्षित छ। यस कन्ट्री प्लान अन्तर्गत तराई र पहाडका २६ जिल्ला समावेश हुनेछन्, जस अन्तर्गत अमेरिकी सरकारको कृषि विकास कार्यक्रमलाई मधेस प्रदेशसम्म विस्तार गरी नेपालको सबैभन्दा जोखिममा रहेका जनसङ्ख्यामा अझ बढी पहुँच बढाउनेछ ।


## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

मोबाइलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटकपटक ब्युँझने समस्या हुन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणालीसम्बन्धी समस्या आउन सक्छ,
- मोबाइलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्नेलगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाइल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाइलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## साफ च्याम्पियनशिप फूटबल : नेपालद्वारा श्रीलङ्का पराजित

काठमाडौं, ७ असोज/रासस

दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) यू–१७ च्याम्पियनशिप पुरुष फूटबल प्रतियोगितामा नेपालले श्रीलङ्कालाई पराजित गर्दै विजयी भएको छ ।




भुटानको चाङ्लिमिथाङ रङ्गशालामा सोमवार भएको खेलमा नेपालले श्रीलङ्कालाई ४–० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । जीतसँगै समूह 'बी'मा रहेको नेपालले दुई खेलमा तीन अङ्क जोडेको छ । नेपाल पहिलो खेलमा पाकिस्तानसँग १–० गोलअन्तरले पराजित भएको थियो ।

यता दुवै खेलमा पराजित श्रीलङ्का अङ्कविहीन छ । श्रीलङ्का पहिलो खेलमा घरेलु टोली भुटानसँग ५–१ ले पराजित भएको थियो । आज नेपालको जीतमा सुजन डङ्गोलले ह्याट्रिक पूरा गरे भने विज्ञान खड्काले एक गोल थपे । खेलको चार मिनेटमा सुजनको गोलमार्फत नेपालले पहिलो अग्रता लिएको थियो । त्यसपछि खेलको १२औं मिनेटमा सुजनले गोल गर्दै आफ्नो टोलीको अग्रता दोब्बर बनाए ।

सुजनले खेलको ३०औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे । त्यसपछि खेलको ८४औं मिनेटमा विज्ञानले गोल गर्दै नेपाललाई ४–० को सहज जीत दिलाए । नेपालले आफ्नो तेस्रो खेल आयोजक भुटानसँग यही असोज ९ गते खेल्नेछ ।

## दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता फागुनसम्म हुन्छ –मन्त्री चौधरी

राजविराज (सप्तरी), ७ असोज/रासस

युवा तथा खेलकूदमन्त्री तेजुलाल चौधरीले कर्णाली प्रदेशमा आयोजना गर्न लागेको दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी फागुन महीनासम्म सञ्चालन हुने बताएका छन् ।



सप्तरीको राजविराजस्थित जिल्ला प्रशासन कार्यालयमा सोमवार जिल्लाका विभिन्न कार्यालय प्रमुखहरूसँगको छलफलका क्रममा मन्त्री चौधरीले आवश्यक भौतिक पूर्वाधार निर्माणकै क्रममा रहेकाले १०औं राष्ट्रिय खेलकूद प्रतियोगिता यस अघि घोषित मितिमा हुन नसक्ने बताए ।

"१०औं राष्ट्रिय खेलकूद प्रतियोगिता मङ्सिरमा सञ्चालन गर्ने तय गरेका थियौं, पूर्वाधार निर्माण गर्ने क्रम चलिरहेकाले प्रतियोगिता अब आगामी फागुनमा सञ्चालन गर्छौं," उनले भने । उक्त प्रतियोगिताको तयारीमा जुट्न मन्त्री चौधरीले खेलाडीहरूलाई आग्रह गरे । कर्णाली प्रदेशमा मङ्सिर, पुस र माघ महीनामा अत्यधिक जाडो हुने भएकाले उक्त प्रतियोगिता फागुन महीनामा गर्ने मन्त्रालयले योजना बनाएको उनले स्पष्ट पारे ।

"चीसोको समयमा बसोबासको समेत समस्या हुन्छ, यसलाई ध्यानमा राख्दै फागुनमा चीसो कम हुने भएकाले त्यही बेला राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने योजना बनाएका छौं," मन्त्री चौधरीले भने । अहिलेकै अवस्थामा सो प्रतियोगिता गर्ने अवस्था नरहेको उनको भनाइ थियो । यस अघि राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी मङ्सिरमा आयोजना गर्ने घोषणा गरेको थियो ।

## आइसिसी विश्वकप क्रिकेट : नेपाल क्यानडासँग पाँच विकेटले पराजित

काठमाडौं, ७ असोज/रासस

क्यानडामा जारी आइसिसी विश्वकप क्रिकेट लिग दुईको आफ्नो तेस्रो खेलमा पनि नेपाल पराजित भएको छ । क्यानडाको किङ सिटीमा सोमवार बिहान सम्पन्न खेलमा नेपाल क्यानडासँग पाँच विकेटले पराजित भएको हो । त्रिकोणात्मक सिरिजको आफ्नो पहिलो खेलमा नेपाल क्यानडासँग १०३ रनले पराजित भएको थियो । आज १८२ रनको लक्ष्य पछ्याएको क्यानडाले ४२ ओभरमा पाँच विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो । क्यानडाका लागि नाभिनित धालिवाल र प्रगट सिंहले अर्धशतक पूरा गरे ।

ओपनर आरोन जोन्सन खाता नखोल्दै आउट भएका थिए भने अर्का ओपनर धालिवाल र प्रगटले दोस्रो विकेटका लागि १२२ रनको उत्कृष्ट साझेदारी गरे । धालिवालले टोलीका लागि सर्वाधिक ८७ रनको योगदान दिए । उनले ११३ बलमा आठ चौका र चार छक्का प्रहार गर्दै सर्वाधिक ८७ रनको योगदान दिए । त्यसैगरी, प्रगटले ८३ बलमा सात चौका र दुई छक्काको मदतमा ६४ रन बनाएका थिए ।




हर्ष ठाकरले १३ रन जोड्दा निकोलस कीर्तनले अवितिज ११ रन बनाएका थिए । नेपालका लागि सन्दीप लामिछानेले दुई विकेट लिए भने करण केसी, गुलशन झा र ललित राजवंशीले समान एक/एक विकेट लिएका थिए ।

त्यस अघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १८१ रनमा समेटिएको थियो । टोलीका लागि सन्दीपले ४८ बलमा सर्वाधिक ४९ रन जोडेका थिए । उनले पाँच चौका र एक छक्का प्रहार गरेका थिए । सन्दीपको एकदिवसीय करिअरको यो उत्कृष्ट ब्याटिङ हो । यस अघि उनले सन् २०२३ मा पपुवा न्यूगिनीसँगको खेलमा ५० बलमा अविजित ३५ रन बनाएका थिए ।

यसैगरी, गुलशन झाले ५६ बलमा दुई चौका र दुई छक्का प्रहार गर्दै ३४ रन बनाए । करण केसीले २४ रन बनाउँदा सोमपाल कामीले २१ रन जोडे । यसैगरी, अर्जुन साउद र आरिफ शेखले समान १०/१० रन बनाए भने भीम सार्की र कप्तान रोहित पौडेलले समान चार/चार रन बनाए ।

बलिङतर्फ क्यानडाका कालिम सानाले तीन विकेट लिए भने हर्ष ठाकर र दिलोन ह्यालिगरले समान दुई/दुई विकेट लिए । त्यसैगरी, प्रवीण कुमार र सादविन जफरले समान एक/एक विकेट लिए । त्रिकोणात्मक सिरिजको आफ्नो अन्तिम खेल नेपालले भोलि मङ्गलवार ओमानसँग खेल्नेछ ।

## गण्डकी प्रदेशस्तरीय अन्डर–१९ क्रिकेट पोखरामा शुरू

कास्की, ७ असोज/रासस

गण्डकी प्रादेशिक क्रिकेट सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सोमवारदेखि गण्डकी प्रदेशस्तरीय वाइवाई अन्डर–१९ एकदिवसीय पुरुष क्रिकेट छनोट प्रतियोगिता शुरू भएको छ । 'राष्ट्रिय गरिमा र सामाजिक रूपान्तरणका लागि खेलकूद' नारासहित यही असोज १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका छ जिल्लाको सहभागिता छ । प्रतियोगिताको समूह 'ए'मा कास्की, पर्वत र तनहुँ र समूह 'बी'मा नवलपुर, स्याङ्जा र बागलुङ रहेका छन् ।

प्रतियोगितामा विजेता टीमले ट्रफी तथा मेडल प्राप्त गर्ने गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए । उनका अनुसार प्रतियोगिताबाट आगामी कात्तिक १ गतेदेखि कोशी प्रदेशमा सञ्चालन हुने यू–१९ राष्ट्रिय क्रिकेटका लागि गण्डकीको टीमका खेलाडी छनोट गरिनेछ ।

प्रतियोगिता उद्घाटन गर्दै गण्डकी प्रदशेसभा सदस्य प्रकाश बरालले क्रिकेट खेलाडीले नेपालको नाम अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल भएको बताए । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका क्षमतावान् क्रिकेट खेलाडी उत्पादनका लागि प्रतियोगिताले सघाउ पुऱ्याउने बताए ।

बरालले भने, "प्रतियोगिताले युवा खेलाडी उत्पादनसँगै व्यावसायिक खेलाडी उत्पादनमा सघाउ पुऱ्याउनेछ । राष्ट्रिय गौरव जाज्वल्यमान बनाउन क्रिकेटको महत्त्वपूर्ण योगदान रहेको छ ।"

गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सिग्देलले पछिल्लो समय गण्डकीको क्रिकेटले फड्को मार्दै गएको बताए । छनोट प्रतियोगिता 'रोड टु वर्ल्ड कप'को रूपमा खेलाडीहरूले ग्रहण गर्नुपर्ने बताए ।

उनले भने, "नेपाली क्रिकेटको जग बलियो बनाउन उमेर समूहका प्रतियोगिताहरू महत्त्वपूर्ण छन् । खेलाडीले आफ्नो खेल प्रदर्शनलाई उच्च बनाउँदै प्रादेशिक तथा राष्ट्रिय टोलीमा छनोटमा पर्ने गरी मेहनत गर्नु आवश्यक छ ।"